# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६ | काठमाडौं | बुधबार, १६ वैशाख २०८३ | Prabhab National Daily | Wednesday, 29 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


ओलीपथ पछ्याउँदै वालेन्द्र सरकार

## संसद् अधिवेशन स्थगित गरेर अध्यादेशको शासन



संसद् नचलेको समय मुलुकलाई तत्काल आवश्यक परेमा अध्यादेशबाट नयाँ कानुन ल्याउन सकिन्छ तर अहिले त्यस्तो जरूरी परेको केही छैन । छिटो अधिवेशनमा गएर जरूरी विधेयकहरु पारित गर्न सरकारलाई कुनै बाधा पनि छैन । अध्यदेशबाट कानुन बनाउन खोज्नु सार्वभौम संसद्को अपमान हो ।

**भीष्मराज आङ्देम्बे**
प्रतिपक्षी दलका नेता



हिजो संसद्को बैठक आह्वान गर्नूपूर्व वा चालु संसद् रोकेर अध्यादेश ल्याउँदा कडा आलोचना गर्नेहरु, आज आह्वान भएको बैठक रोकेर अध्यादेश ल्याउँदा प्रश्न उठ्नु स्वाभाविक हो । जनताले आशा गरेको नयाँ नेतृत्वप्रति विश्वास हराउने डर यतिबेलाको सबैभन्दा ठूलो चिन्ताको विषय हो ।

**शंकर पोखरेल**
महासचिव, नेकपा एमाले

**प्रभाव संवाददाता**



**काठमाडौं–** झण्डै दुईतिहाइ बहुमतसहितको शक्तिशाली प्रधानमन्त्री वालेन्द्र शाह पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीकै शैली पछ्याउँदै अध्यादेशको शासनतर्फ अघि बढेका छन् । संघीय संसद्को बजेट अधिवेशन रोकेर उनको मन्त्रिपरिषद्ले मंगलबार राष्ट्रपतिसमक्ष दुईवटा अध्यादेश पेस गर्ने निर्णय गरेको हो ।

सोमबारको मन्त्रिपरिषद् बैठकले संवैधानिक परिषद् र सहकारीसम्बन्धी दुईवटा अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो । तर, सरकारका प्रवक्ता सस्मित पोखरेलले उक्त निर्णय लुकाएका थिए ।

यसअघि वैशाख ९ गतेको मन्त्रिपरिषद्ले १७ गतेका लागि संसद्को बजेट अधिवेशन आह्वान गर्ने निर्णय गरेकोमा सरकारले भोलिपल्ट अर्थात् वैशाख १० गते उक्त अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउने तयारी गरेको थियो । त्यतिबेला सरकारले संसद् सचिवालयसँग राम्रो समन्वय नगरी बैठक आह्वान गरिएकोले अधिवेशन स्थगित भएको जनाएको थियो । अधिवेशन रोकेकोमा धेरैले आशंकासमेत गरेका थिए । उक्त आशंका प्रमाणित हुनेगरी वालेन्द्र सरकारले अध्यादेश सिफारिस गरेको हो ।

यसअघि नेपाली कांग्रेस र नेकपा एमालेको तालमेलमा प्रधानमन्त्री बनेका एमाले अध्यक्ष ओलीले २०८१ माघमा संसद् छलेर अध्यादेश ल्याएका थिए । त्यतिबेला अध्यादेशबारे प्रतिपक्षको प्रश्नमा ओलीको रुखो जवाफ थियो, 'केही साथीहरूले सोधिरहनुभएको छ- संसद् छलेर किन अध्यादेश ल्याएको हो ? अध्यादेश ल्याउने भनेकै संसद् नचलेकै बेला हो । एकातिर प्रक्रिया, एकातिर नतिजाका लागि अध्यादेश ल्याइएको हो ।' यतिमात्र हैन एमाले र माओवादी केन्द्र मिलेर बनेको शक्तिशाली सरकार भएको बेला पनि ओलीले २०७७ वैशाखमा राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएका थिए ।

क्रमशः पृष्ठ २ मा

### अध्ययन गर्दै राष्ट्रपतिको कार्यालय

सरकारले सिफारिस गरेको अध्यादेश राष्ट्रपति कार्यालयले अध्ययन थालेको छ । राष्ट्रपतिको सचिवालयकाअनुसार संसद् स्थगित गरेर अघि बढइएका अध्यादेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा विज्ञहरूसँग छलफल हुने छ ।

'सरकारबाट आएको अध्यादेश अध्ययन भइरहेको छ । अध्ययनपछिमात्रै यसबारे निर्णय हुने छ,' राष्ट्रपतिको कार्यालयले भन्यो । संसद् छलेर अध्यादेश ल्याएमा राष्ट्रपतिलाई रोक्ने अधिकार हुन्छ । यद्यपि, राष्ट्रपति रामचन्द्र पौडेलले सरकारसँग द्वन्द्वमा जान नचाहेको राष्ट्रपति कार्यालय स्रोतको दाबी छ ।

स्थानीय तहलाई पत्रकार महासंघको आग्रह

## संघीय सरकारको विभेदकारी विज्ञापन नीति कार्यान्वयन नगरौं

**प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल पत्रकार महासंघले निजी र सामुदायिक सञ्चारमाध्यममा सरकारी विज्ञापन तथा सूचना नदिने सरकारको निर्णयविरुद्ध दबाबमूलक अभियानलाई निरन्तरता दिएको छ । महासंघले मंगलबार गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघलाई संघीय सरकारको विभेदकारी निर्णय कार्यान्वयन नगर्न आग्रहसहितको ज्ञापनपत्र हस्तान्तरण गरेको छ ।

महासंघकी अध्यक्ष निर्मला शर्मा नेतृत्वको टोलीले दुवै संस्थालाई ज्ञापनपत्र बुझाएको हो । सोमबार नै महासंघका सबै जिल्ला शाखाहरूले उक्त निर्णयको विरुद्ध जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहहरूलाई ज्ञापनपत्र बुझाएको महासंघले जानकारी दिएको छ ।

तीन तहकै सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विभेदकारी निर्णयविरुद्ध महासंघले दबाबमूलक अभियान सञ्चालन गरिरहेको छ । निजी सञ्चारमाध्यमको घाँटी निमोठ्नेगरी वालेन्द्र शाह नेतृत्वको सरकारले चालेको उक्त कदम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको संवैधानिक प्रबन्ध, खुला अर्थ नीति र संघीयताको मर्मविपरीत भएको ठहर गर्दै महासंघले त्यसविरुद्ध दबाबमूलक अभियान सञ्चालन गरेको हो ।

क्रमशः पृष्ठ २ मा

### ललितपुरका स्थानीय तहलाई महासंघको ज्ञापनपत्र



**ललितपुर (प्रस)–** सरकारी सञ्चारमाध्यमलाई मात्रै सरकारी विज्ञापन दिने संघीय सरकारको निर्णयप्रति आपत्ति जनाउँदै नेपाल पत्रकार महासंघ ललितपुर शाखाले स्थानीय तहलाई ज्ञापनपत्र बुझाएको छ । जिल्ला समन्वय समिति ललितपुरमार्फत महानगरपालिका तथा सबै नगरपालिका र गाउँपालिकालाई उक्त ज्ञापनपत्र पठाइएको हो ।

मंगलबार महासंघ ललितपुरका अध्यक्ष रामहरि कार्कीको नेतृत्वमा गएको टोलीले जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयाललाई ज्ञापनपत्र बुझाएको थियो ।

क्रमशः पृष्ठ २ मा






**सन्दर्भ: वैदेशिक रोजगार**

वैदेशिक रोजगार व्यवसायी संघमा लफडा

## महासचिव बस्नेतपक्षले लगाएको ताला अध्यक्ष गुरुङले तोडे

कानुन र सिडिओले टेक्ने विधान नै हो । विधानअनुसार राजीनामा अध्यक्षले स्वीकृत गर्ने हो । तर राजीनामा दिएको मैले सञ्चारमाध्यमबाट थाहा पाएँ । मकहाँ राजीनामा नै आएको छैन त कसरी स्वीकृत हुन्छ ?

**भुवनसिंह गुरुङ**
अध्यक्ष

हामीले पत्रकार सम्मेलन गरेर राजीनामा दिएको हो । अब बैठकको कुनै अर्थ छैन । औचित्यहीन बैठकमा हामी जाँदैनौं । अब कानुनी कुरा के हुन्छ त्यसैको पर्खाइमा छौं ।

**महेशकुमार बस्नेत**
महासचिव

**ममता थापा**





**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालयमा लागेको ताला बुधबार तोडिएको छ । संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठसहित पाँच पदाधिकारी र छ जना कार्यसमिति सदस्यले सोमबार राजीनामा दिँदै सिफलस्थित संघको कार्यालयमा ताला लगाएका थिए । मंगलबार अध्यक्ष भुवनसिंह गुरुङसहित उनी पक्षीय व्यवसायीहरूको उपस्थितिमा ताला तोडिएको हो ।

अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्ट जनाउँदै कार्यसमितिका ११ जनाले राजीनामा दिएका थिए । तर, उक्त राजीनामा नै विधानविपरीत भएको अध्यक्ष गुरुङले दाबी गरे । मंगलबार संघका पदाधिकारी, सदस्य तथा प्रहरीको रोहवरमा ताला तोडेर संघको कार्यालयमा लगाइएको ताला खुलाउने क्रममा उनले उक्त राजीनामाको प्रक्रिया नै विधानविपरीत भएकाले स्वीकृत नहुने बताए ।

संघको विधानअनुसार पदाधिकारी तथा सदस्यको राजीनामा अध्यक्षले स्वीकृत गर्नुपर्ने भएकाले आफ्नो हातमा त्यस्तो पत्र नआएको गुरुङको भनाइ छ । राजीनामाको विषयमा आफूले पनि अन्य माध्यमबाट बनेको उनको भनाइ छ । 'कानुन र सिडिओले टेक्ने विधान नै हो । त्यो राजीनामालाई राजीनामा नै भन्दैन,' उनले भने, 'राजीनामा अध्यक्षले स्वीकृत गर्ने हो । राजीनामा दिने बेलामा मलाई बोलायो ? मैले पनि सञ्चारमाध्यममा पढेर थाहा पाएको अनि राजीनामा स्वीकृत हुन्छ त ?'

असन्तुष्ट पक्षले आफूहरूको कुरा नै नसुन्ने आरोप लगाइएका गुरुङ लचक हुन तयार भएको देखिएको छ । अहिलेको अप्ठ्यारो परिस्थितिमा व्यवसायलाई बचाउन आफू जवाफदेही हुने पक्षमा रहेको गुरुङले बताएका छन् । 'अहिले पेसा रहने कि नरहने,

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## संसद् अधिवेशन...

जसकारण त्यतिबेला एक भएको नेपाल कम्युनिस्ट पार्टी तीन फचाक भएर फुटेको थियो ।

ओलीमात्रै हैनन् नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा पनि संसद् छलेर अध्यादेश ल्याइएको थियो । २०७९ मंसिर २५ मा मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश ल्याउँदा अहिलेको सत्ता नेतृत्व दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले संसद्को अधिकार मिचेको आरोप लगाएका थिए ।

'अब नयाँ संसद्को बैठक बस्न कति समय लाग्ला ? एक हप्ता ? दुई हप्ता ? तीन हप्ता ? त्यस्तो के आपत्काल लागेको थियो र एक-दुई हप्ता पनि कुर्न नसकिने ? यो अध्यादेशले नयाँ जनादेशको मर्म मिचेको छ, नयाँ संसद्को अधिकार मिच्ने प्रयास भएको छ । यो कदम राजनीतिक निर्लज्जताको पराकाष्ठा हो । यो तत्काल फिर्ता हुनुपर्छ,' लामिछानेले त्यतिबेला सामाजिक सञ्जाल फेसबुकमा लेखेका थिए ।

तर, अहिले प्रतिनिधिसभामा प्रस्ट बहुमत रहेको रास्वपा सरकारले नै संसदीय प्रक्रिया छलेर अध्यादेश ल्याएको छ । बोलाइसकेको संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याएसँगै रास्वपा सभापति लामिछानेले तत्कालीन ओली सरकारलाई गरेको गाली अहिले आफैंतिर फर्किएको छ ।

रास्वपा अहिले १८२ सिटसहित करिब दुईतिहाइको सरकार हाँकिरहेको छ । जबकि, ओली सरकार हुँदा २१ सिटसहित संसद्मा चौथो दलको हैसियतमा थियो रास्वपा । सभापति लामिछानेले यसबारे कुनै प्रतिक्रिया दिएका छैनन् ।

### प्रमुख प्रतिपक्षी दलको विरोध

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारले संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याएकोप्रति आपत्ति जनाएको छ । कांग्रेस प्रवक्ता देवराज चालिसेले सरकारको कदम खतराको संकेत भएको जनाएका छन् ।

'यस प्रवृत्तिले विधिको शासनको आधारभूत मर्मलाई कमजोर बनाएको छ र सरकारको संसद्प्रतिको अविश्वासलाई उजागर गरेको छ,' उनले भनेका छन्, 'सदनमा स्पष्ट बहुमत हुँदाहुँदै बारम्बार अध्यादेशको बाटो रोज्नु शक्ति केन्द्रीकरणतर्फको खतरनाक संकेत हो भन्ने नेपाली कांग्रेसको ठहर छ ।'

प्रतिपक्षी दलका नेतासमेत रहेको कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद्को अपमान गरी अध्यादेश ल्याउन लागिएको आरोप लगाए । 'संसद् नचलेको समय मुलुकलाई तत्काल आवश्यक परेमा अध्यादेशबाट नयाँ कानुन ल्याउन सकिन्छ तर अहिले त्यस्तो जरुरी परेको केही छैन । छिटो अधिवेशनमा गएर जरुरी विधेयकहरू पारित गर्न सरकारलाई कुनै बाधा पनि छैन । प्रमुख प्रतिपक्ष र अरु राजनीतिक दलहरूसँग सामान्य परामर्श पनि नगरी हतारमा अध्यदेशबाट कानुन बनाउन खोज्नु बलमिच्याइँको राजनीति पनि हो र सार्वभौम संसद्को अपमान पनि,' नेता आङ्देम्बेले भनेका छन् ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले पुरानालाई प्रश्न गर्नेहरूबाट पुरानै शैली अपनाउँदा जनविश्वास गुम्ने डर देखिएको बताएका छन् । 'हिजो संसद्को बैठक आह्वान गर्नूपूर्व वा चालु संसद् रोकेर अध्यादेश ल्याउँदा कडा आलोचना गर्नेहरू, आज आह्वान भएको बैठक रोकेर अध्यादेश ल्याउँदा प्रश्न उठ्नु स्वाभाविक हो । जनताले आशा गरेको नयाँ नेतृत्वप्रति विश्वास हराउने डर यतिबेलाको सबैभन्दा ठूलो चिन्ताको विषय हो,' पोखरेलले फेसबुकमा लेखेका छन्, 'तसर्थ, नयाँ भनिनेहरूले सोच्नु पर्दछ, धेरै आशा गरिएकाहरूप्रतिको निराशाले नै हो संकट उत्पन्न गर्ने । यतिबेला मुलुक थप संकट झेल्ने अवस्थामा छैन ।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सरकारले अध्यादेश सिफारिस गरेकोमा आपत्ति जनाएको छ । नेकपा कार्यसंयोजक समितिको बैठकपछि नेकपाका प्रवक्ता प्रकाश ज्वालाले आफैंले आह्वान गरेको संसद् अधिवेशन आकस्मिकरूपमा स्थगित गरेर अध्यादेश अगाडि बढाउनु संसद्लाई छल्ने सरकारको गैरलोकतन्त्रिक कार्य भएको बताए । ज्वालाले तत्काल संसद्को बैठक आह्वान गर्न मागसमेत गरेका छन् ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले प्रधानमन्त्री वालेन्द्र ओली शैलीमै अघि बढेको आरोप लगाएका छन् । 'बालेन पनि केपी ओलीकै बाटोमा ! संसद् छलेर अध्यादेश,' साम्पाङले फेसबुकमा लेखेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता मोहन श्रेष्ठले रास्वपा सरकारको कदमले 'जुन जोगी आए पनि कानै चिरेका' उखान चरितार्थ भएको बताएका छन् । 'विगतमा अध्यादेशले लोकतन्त्रको हुर्मत लिएको ठान्ने जान्नेहरूले आफ्नो झण्डै दुईतिहाइको जनमतको हुर्मत लिँदै छन् । सबै कानै चिरेका जोगी भएपछि कुन नयाँ, कुन पुरानो त अब ?,' श्रेष्ठले भनेका छन् ।

■■■

## संघीय...

महासंघले दबाबमूलक कार्यक्रम यही वैशाख ९ देखि सुरू गरेको थियो । वैशाख ९ गते महासंघका सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गरी महासंघको धारणा प्रस्ट पार्ने र प्रतिबद्धता लिने कार्य गरेका थिए । यसैगरी वैशाख १० गते बिहान १० बजे महासंघका सबै जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाए । सोही दिन दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन गरी महासंघले आफ्नो अवधारणा सार्वजनिक गरेको थियो ।

सोही अभियानअन्तर्गत वैशाख ११ गते सबै सञ्चारमाध्यमले सम्पादकीय ऐक्यबद्धतामार्फत सरकारको विभेदकारी निर्णय र परिपत्रको विरोध गरेका थिए । सोही दिन बिहान ८ बजे पत्रकार तथा महासंघका सदस्यहरूमार्फत सामाजिक सञ्जाल प्रयोग गरी विरोधका सामग्री सार्वजनिक गरिएको थियो । वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गरेको महासंघले वैशाख १५ गते नगरपालिका संघ र गाउँपालिका महासंघलाई ज्ञापनपत्र बुझाएको हो । सोही दिन जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आह्वान गर्दै शाखाहरूले ज्ञापनपत्र बुझाउने महासंघको कार्यक्रमअनुसार जिल्ला शाखाहरूले ज्ञापनपत्र बुझाएका महासंघले जानकारी दिएको छ ।

निजी सञ्चारमाध्यमलाई धराशायी बनाउनेगरी सरकारले सरकारी विज्ञापनमा 'सिण्डिकेट' (एकाधिकार) लगाएकोमा चौतर्फी विरोध भइरहेको छ । पत्रकार महासंघसँगै मिडिया एलायन्स नेपाल, मिडिया सोसाइटी, नेपाल विज्ञापन संघलगायत सञ्चारसम्बद्ध संस्थाहरूले विभेदकारी निर्णय फिर्ता लिन सरकारलाई दबाब दिँदै आएका छन् । यसैबीच सरकारको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालतमा दर्ता भएको मुद्दा विचाराधीन रहेको छ ।

सरकारी निर्देशनविरुद्ध राहुलकुमार साह र नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए । सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको दाबी रिटमा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २०८२ चैत १८ मा सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममार्फत मात्र गर्नुपर्ने भन्दै सबै निकायमा परिपत्र गरेको थियो । सरकारको उक्त निर्णयले विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाएको जिकिरसमेत रिटमा छ ।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको अधिवक्ता लुइँटेलले जिकिर गरेका छन् । रिटमा चौथो अंग आतंकित भइसकेकोसमेत उल्लेख छ । रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्न नगराउन भनी परमादेश माग गरिएको छ ।

■■■

## ललितपुरका...

ज्ञापनपत्रमा समन्वय समितिमार्फत ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिका, साथै महांकाल, कोञ्ज्योसोम र बागमती गाउँपालिकालाई संघीय सरकारको विभेदकार विज्ञापन नीति कार्यान्वयन नगर्ने व्यहोरासहित पत्राचार गर्न अनुरोध गरिएको छ ।

महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णयका आधारमा २०८२ चैत १८ गते जारी गरिएको परिपत्रप्रति गम्भीर असन्तुष्टि जनाएको छ । उक्त परिपत्रमार्फत संघीय, प्रदेश र स्थानीय तहका निकायलाई सरकारी सञ्चारमाध्यममामात्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिइएको थियो ।

ज्ञापनपत्रमा नेपाली सञ्चार क्षेत्र लामो समयदेखि आर्थिक संकटबाट गुज्रिरहेको उल्लेख गर्दै यस्तो निर्णयले निजी तथा सामुदायिक सञ्चारमाध्यमलाई थप कमजोर बनाउने तर्क गरिएको छ । श्रमजीवी पत्रकारहरूले नियमित पारिश्रमिक र कानुनअनुसारका सेवा सुविधा पाउन नसकिरहेको अवस्थामा सरकारको निर्णयले सञ्चारमाध्यमको अस्तित्वमै प्रश्न उठ्ने महासंघको भनाइ छ ।

महासंघले सरोकारवाला पक्षसँग पर्याप्त परामर्श नगरी लिइएको उक्त निर्णयलाई आपत्तिजनक ठहर गरेको छ । सरकारी सञ्चारमाध्यमलाई मात्र प्राथमिकता दिने नीति बहुसंख्यक निजी तथा सामुदायिक सञ्चारमाध्यममाथि विभेद र अन्याय भएको महासंघको निष्कर्ष छ ।

महासंघले सचिवस्तरीय निर्णय र परिपत्र तत्काल कार्यान्वयन नगर्न स्थानीय तहलाई आग्रह गर्दै उक्त निर्णय खारेज गर्न प्रधानमन्त्रीबाट ठोस कदम चाल्नुपर्ने माग गरेको छ । 'यदि सरकारको विभेदकारी निर्णय सच्याइएन भने सञ्चार क्षेत्र धराशायी हुने, श्रमजीवी पत्रकारहरूको पेसा संकटमा पर्ने तथा प्रेस स्वतन्त्रता, सूचनाको हक र सञ्चारको हकमाथि गम्भीर असर पर्ने छ,' ज्ञापनपत्रमा भनिएको छ । यसले सरकारको लोकतान्त्रिक प्रतिबद्धतामाथिसमेत प्रश्न उठाउने महासंघको भनाइ छ ।

ज्ञापनपत्र बुझ्दै जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयालले पत्रकार महासंघले उठाएको विषयलाई गम्भीरतापूर्वक लिइने र समस्या समाधानका लागि आवश्यक पहल गरिने बताए । ज्ञापनपत्र बुझाउने क्रममा जिल्ला समन्वय समिति ललितपुरका समन्वय अधिकारी हरिनारायण बेल्वासेलगायतको उपस्थिति रहेको थियो ।

■■■

## महासचिव...

व्यवसायी रहने कि नरहने भन्ने बेलामा जुधेर होइन एकबद्ध भएर अघि बढ्नुपर्छ,' उनले भने, 'भोलिदेखि पूर्ववत्‌रूपमा अघि बढ्छौं । अबदेखि सम्पूर्ण व्यवसायीको अभिभावकत्व ग्रहण गर्दै जवाफदेही हुने पक्षमा छु । हाम्रो आगामी कार्यकाल सहयात्रा गरेर अघि बढ्छौं ।'

गुरुङपक्षका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले भने संघभित्रको विवादलाई घरझगडा भएको बताए । उनले असन्तुष्ट पक्षलाई मिलाउने प्रयास जारी रहेको बताउँदै उनले राजीनामा बुझाउनेहरू विस्तारै संघमा फर्किने क्रममा रहेको दाबी गरे । 'फरक-फरक व्यक्तिसँग फरक-फरक लाइनबाट वार्ता भइरहेको छ । यत्रो गरेपछि कसरी फर्किने पनि भइरहेको होला उहाँहरूलाई,' उनले भने, 'हिजो राजीनामा बुझाउनेमध्ये दुई जना आज उपस्थित हुनुभएको छ । आजको छलफलमा आउनेबित्तिकै उहाँहरूको राजीनामाको औचित्य छैन ।'

राजीनामा दिएका महासचिव महेशकुमार बस्नेतले भने अब संघले आयोजना गर्ने छलफलको कुनै औचित्य नभएको बताए । उनले कानुनी प्रक्रियामा आफूहरू अगाडि बढिसकेको बताए । 'हामी किन बैठकमा जान्छौं ? पत्रकार सम्मेलन गरेर राजीनामा दिएको हो । बैठकको कुनै अर्थ छैन,' महासचिव बस्नेतले भने, 'जसले सत्ता बुझेको छ, संस्कार बुझेको छ, जो इथिक्समा अडिग हुन्छ त्यस्तो मान्छे अब छलफलमा जाँदैन । अब कानुनी कुरा के हुन्छ त्यसैको पर्खाइमा छौं ।'

अध्यक्ष गुरुङले सुरुदेखि नै पदाधिकारी तथा सदस्यलाई विभेदकारी व्यवहार गरेको र आफू अनुकूलका गतिविधिमात्रै गरेको असन्तुष्ट पक्षको आरोप छ । संघका पदाधिकारीलाई समेत थाहा नदिई सल्लाहकार धनलाल जैसी र नवराज केसीलाई हटाएपछि संघको आन्तरिक कलह छताछुल्ल भएको हो । असन्तुष्ट पक्षले ताजा म्याण्डेट लिएर नयाँ नेतृत्व चयन गर्नुपर्ने माग राखेको छ ।

सोमबार राजीनामा दिएका पदाधिकारीहरूमा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, तृतीय उपाध्यक्ष वैकुण्ठप्रसाद पौडेल, महासचिव महेशकुमार बस्नेत, सचिव कुन्छादोर्जे डिम्दोङ र कोषाध्यक्ष धनमाया सिञ्जाली रहेका छन् । त्यस्तै कार्यसमिति सदस्यहरू रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, हिमा गुरुङ, रमा खड्का र देवीप्रसाद गिरीले पनि राजीनामा दिएका छन् ।





### साउदीमा रोजगार

कम्पनी : Asas Factory for Industry

पूर्व स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 341099 चलानी नं. ६०२५४५२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 7 | 0 | 1200 | ४८,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Seha Company For Health Care

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 335473 चलानी नं. ६०२४९४०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SMALL TRUCK DRIVER | 1 | 0 | 1500 | ६०,४४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Elite Choice Poultry Company

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 337471 चलानी नं. ६०२५१३४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Assistant (Labour) | 8 | 0 | 1200 | ४८,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख २३ गते (6th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha 9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75


### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०९/०९ मा दर्ता भएको **प्रा.लि. नं. ४३०५८/०६३/०६४** को **स्टडी स्कूल प्रा.लि.** को मिति २०८३/१२/१४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर : श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना : त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी (इजाजत नम्बर १२४५/०७३/०७४) यस **Raj Group Of Company Pvt. Ltd** मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयम कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम | नागरिकता प्र.प.नं. |
|---|---|
| लिला आचार्य | ४०-०१-७८-०१५४८ |
| सविन्द्र भोलन | ३०-०१-७२-००५२७ |

Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660,
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

### सावधानी सूचना

यस संस्थाबाट कुनै पनि युरोप नपठाउने कुरा जानकारी गर्दछौं । साथै पछिल्लो समय युरोपको धेरै ठगी भइहेको पाइएकोले हामी **सक्सेस नेपाल परिवार**को यो जानकारी गराउदछौं कि यस संस्थामा कुनै पनि वैदेशिक यात्राको कामको लागि बुझ्न आउँदा यस संस्थामा भएको डिमान्ड र सरकारबाट मान्यता प्राप्त लट नं.चेक गरेर सम्बन्धित संस्थाको संचालकसंग नबुझी कुनै पनि कार्य विधि नगर्नुहुन अनुरोध छ । विशेष गरी कुनै पनि आर्थिक कारोवार नगर्नु हुन विनम्र अनुरोध छ । यदी गरिएमा संस्था जवाफदेही हुनेछैन ।

**संचालक**
**नरेश अर्गली मगर/ ९८५११६६६४१**

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १६ वैशाख, २०८३

| | |
|---|---|
| मेष | नयाँ अवसर मिल्ने दिन । काममा प्रगति हुनेछ । |
| वृष | आर्थिक लाभको संकेत । परिवारसँग समय रमाइलो । |
| मिथुन | बोल्दा सोचेर बोल्नुहोस् । सानो विवाद हुन सक्छ । |
| कर्कट | मन खुशी रहनेछ । शुभ समाचार सुन्न पाइनेछ । |
| सिंह | नेतृत्व गर्ने मौका मिल्नेछ । आत्मविश्वास बढ्नेछ । |
| कन्या | स्वास्थ्यमा ध्यान दिनुहोस् । खर्च बढ्न सक्छ । |
| तुला | साथीभाइबाट सहयोग मिल्नेछ । यात्रा सम्भव । |
| वृश्चिक | काममा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । |
| धनु | अध्ययन र नयाँ कुरा सिक्न राम्रो दिन । |
| मकर | जिम्मेवारी बढ्नेछ तर सफलता पनि मिल्नेछ । |
| कुम्भ | सम्बन्धमा सुधार आउनेछ । प्रेम जीवन राम्रो । |
| मीन | ध्यान केन्द्रित गर्न गाह्रो हुन सक्छ । आराम गर्नु राम्रो । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५,४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| | ४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |

# हुलाकबाट घरमै राहदानी वितरण १४ जिल्लामा सुरु

**काठमाडौं–** सरकारी सेवा घरमै उपलब्ध गराउने उद्देश्यले हुलाक सेवा विभागमार्फत पहिलो चरणमा राहदानी र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) वितरणमा उल्लेखनीय प्रगति देखिएको छ। हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार पछिल्लो एक महिनामा सेवा प्रवाहलाई नागरिकसम्म पुऱ्याउने दिशामा ठोस उपलब्धि हासिल भएका छन्।

सरकारले सुरु गरेको घरदैलोमै राहदानी वितरण सेवा हाल १४ जिल्लाबाट सुरु गरिएको छ र मंगलबारसम्ममा ३११ वटा राहदानी सम्बन्धित सेवाग्राहीको घरमै पुगेर वितरण गरिएको विभागले जनाएको छ। गुल्मी, डडेलधुरा, झापा, सिन्धुपाल्चोक, कालीकोट, मकवानपुर, बझाङ, कास्की, मोरङ, धनकुटा र बैतडीमा सम्झौता गरी सेवा विस्तार गरिएको छ भने अन्य जिल्लामा जिल्ला प्रशासन कार्यालयबाट राहदानी प्राप्त भएपछि वितरण गर्ने प्रक्रिया अघि बढाइएको महानिर्देशक भट्टराईले जानकारी दिए।

त्यस्तै, अहिले सबै जिल्ला प्रशासन कार्यालयहरूले राहदानी बनाउन आउने सेवाग्राहीसँग ठेगाना संकलन सुरु गरिसकेका छन्। जसले सेवा वितरणलाई अझ व्यवस्थित बनाउने विश्वास गरिएको छ। यसैगरी, सवारीचालक अनुमतिपत्र वितरणतर्फ पनि उल्लेखनीय प्रगति भएको छ। वैशाख १५ गते अपराह्न ३:०० बजेसम्म दुई लाख ५६ हजार १२६ वटा लाइसेन्स सम्बन्धित जिल्लाका यातायात कार्यालयमा पठाइसकिएको छ।

मोरङ र कास्कीबाट यातायात कार्यालयसँग समन्वय गरी लाइसेन्स घरमै पुऱ्याउने कार्य सुरु गरिएको छ। सरकारको गत चैत १३ गते सार्वजनिक गरिएको शासकीय सुधारसम्बन्धी १०० दिने कार्यसूचीअन्तर्गत हुलाक सेवालाई आधुनिकीकरण गरी सरकारी 'कुरियर' सेवाका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। जसअन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबीच समन्वय भइरहेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनाले कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरूलाई सहकार्य र समस्या समाधानमा सक्रिय रहन निर्देशन दिएका छन्।

त्यस्तै, हुलाक सेवा विभागले अन्य विभिन्न क्षेत्रका सेवा सुधारमा पनि उल्लेखनीय प्रगति हासिल गरेको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँग प्रयोगशाला नमूना ढुवानीसम्बन्धी पूरक सम्झौता अन्तिम चरणमा पुगेको छ भने नेपाल टेलिकमसँग सिमकार्ड घरदैलोमा पुऱ्याउने विषयमा प्राविधिक तयारी सुरु गरिएको छ।

त्रिभुवन विश्वविद्यालयसँग प्रमाणपत्र ढुवानीका लागि दोस्रो चरणको छलफल सम्पन्न भएको छ भने मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु गरिएको छ। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलस्थित वैदेशिक हुलाक भन्सार शाखा कार्यालय बिदाको दिन सञ्चालनमा ल्याइएको छ भने हुलाक वस्तु ढुवानीलाई सहजीकरण गर्न 'एक्सप्रेस वे' सेवा पनि सञ्चालनमा ल्याइएको छ। साथै, डाँक रेखा पुनरावलोकन गरी समयसापेक्ष बनाउने मस्यौदा तयार भई स्वीकृतिको अन्तिम चरणमा पुगेको छ र राहदानी विभागसँग प्रणाली अन्तरआबद्धताका लागि अध्ययन समिति गठन भई प्रारम्भिक प्रतिवेदन पेस गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पनि आवश्यक पहल अघि बढाइएको महानिर्देशक भट्टराईले जानकारी दिइन्। भौगोलिक विविधता, ठेगाना प्रणालीको अभाव, जनशक्ति व्यवस्थापन तथा दुर्गम क्षेत्रमा यातायात पहुँचजस्ता चुनौतीहरू रहे पनि सरकारले चरणबद्ध रूपमा समाधान गर्दै सेवा विस्तार गर्ने नीति लिएको छ।

त्यस्तै, सेवा शुल्कलाई व्यवस्थित र एकरूप बनाउने काम पनि भइरहेको छ। यो व्यवस्था लागू भएसँगै सेवाग्राहीले सदरमुकाम धाउनुपर्ने, लामो लाइन बस्नुपर्ने, बिचौलियामा निर्भर हुनुपर्ने तथा पटक-पटक कार्यालय धाउनुपर्ने बाध्यता क्रमशः हट्दै गएको छ। *रासस*

---

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### हक दावी गर्न आउनबारे २१ दिने सूचना

यस कार्यालयमा मिति २०७९/०६/०६ मा दर्ता भएको **ट्राभल कर्पोरेशन इंडिया लिमिटेड** विदेशी कम्पनीको सम्पर्क कार्यालय (प्रा.लि. नं. २९९८५६) नामक कम्पनीले दर्ता खारेजी गरी पाऊँ भन्ने निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **२१ दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको लागि यो दोस्रो पटक सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

---

## काठमाडौं जिल्ला, का.म.पा. ७, चावहिल बस्ने युवराज को नाउँमा काठमाडौं महानगरपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

उपरोक्त सम्बन्धमा का.जि. काठमाडौं महानगरपालिका वडा नं ७ बस्ने पवन रेखा घोली श्रेष्ठले तपाईको विरुद्ध कोठा खोली पाउँ भन्ने सम्बन्धमा उजुरी निवेदन यस ७ नं. वडा कार्यालयमा मिति २०८२।१२।३० गते दर्ता भई म्याद तामेल गर्न प्रक्रिया अघि बढाउदा हालसम्म म्याद रितपूर्वक तामेल हुँन नसकेकोले यो १५ दिने म्याद सूचना प्रकाशित गरिएको छ। **अत:** यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा उपस्थित भई वा कानून बमोजिम लिखित जवाफ पेश गरी निवेदकको माग बमोजिम कोठामा रहेको सामान हटाउनु नपर्ने कुनै कारण भए पेश गर्नुहुन सूचना प्रकाशित भएको छ। म्याद भित्र लिखित जवाफ पेश नभएमा प्रचलित कानून बमोजिम भई जानेछ।

**ईति सम्वत् २०८३ साल बैशाख महिना १५ गते रोज ३ शुभम्।**

---

## मेट्रो इको होटल प्रा.लि. खारेज गर्ने सम्बन्धमा लिक्वीडेटरको सूचना

कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६६।१२।१० मा दर्ता भएको **मेट्रो इको होटल प्रा.लि (प्रा.लि.नं. ७१५६७/०६६/०६७)** को मिति २०८३/०१/१४ को विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार कम्पनीको स्वेच्छिक खारेजी (लिक्वीडेसन) मा लैजानु पर्ने भएकोले यस कम्पनीले तिर्न व्यहोर्न पर्ने ऋण, धन, अन्य दायित्व एवं कोही कसैसँग कुनै लेनदेन बाँकी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ। कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम दायित्व भुक्तान गरि बाँकी रहेको जायजेथा कम्पनीका शेयरधनीहरु लाई बाँडिने हुनाले तोकिएको म्याद भित्र दावी नगरिएमा पछि कसैको कुनै प्रकारको दावी नलाग्ने व्यहोरा समेत सबैको जानकारीको लागि सूचित गरिन्छ।

**लिक्वीडेटर, विदुर पौड्याल, प्र.प.नं. ४६६**
**सम्पर्क नं. ९८५१२१०४२२, का.म.न.पा.२९, अनामनगर, काठमाण्डौं**

---

## शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**
**फोन नं ४५६१३२७, ४५६१७५६**
**सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं**

### सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८३/०१/१६**

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यले हायर पर्चेज ऋण (कर्जा) शिर्षक अन्तर्गत ऋण लिँदा संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने सावाँ, व्याज लगाएतका रकमहरु नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत नतिरि, नबुझाई संस्थाको कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई वेवास्ता गरि बसेको हुँदा उक्त सवारी साधन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सहकारी ऐन २०७४ नियमावली २०७५ र सहकारी विनियमावली २०६७ (पहिलो संसोधन २०७३) तथा अन्य प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको तपसिलको सवारी साधन लिलाम बिक्रीबाट असुल उपर गरिने छ सो बाट असुल उपर हुन नसकेको रकम तपाई ऋणी र जमानीको अन्य चल अचल श्री सम्पत्तिबाट सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ। अन्य थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला।

**तपसिल**

| ऋणीको विवरण | सवारीको मोडल |
|---|---|
| **नामः रामेश्वर बुढाथोकी**<br>बाबुः पृथ्वी बहादुर बुढाथोकी<br>बाजेः शेर बहादुर बुढाथोकी<br>पत्नीः सुस्मा सुनुवार<br>ठेगानाः शिवपुरी-०४, नुवाकोट,<br>हालको ठेगानाः जोरपाटी-०५, गोकर्णेश्वर, काठमाडौं<br>ना.प्र.नं.९३३३४, जारी मितिः २०६१/०१/२७ नुवाकोट | सवारीको प्रकार :<br>LYNX SMART CLASSIC<br>सवारीको रङ : सुन्तला सेतो, रातो, कालो<br>गाडी नं. बा ४ ख ६४९१<br>इन्जिन नं.GAEZ 203310<br>च्यासिस नं.:<br>MB1PAEBC2GAANF6565<br>बनेको सालः 2016 |

**शर्तहरू**

१. सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्नु पर्नेछ।
२. सवारी साधन खरिद गर्न पेश गर्नुपर्ने बोलपत्र फाराम यस संस्थाको प्रमुख कार्यालय चुच्चेपाटी, चावहिलबाट रू ५००/- तिरी (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिने छ।
३. सवारी साधन खरिद प्रस्ताव फारम यस संस्थाको प्रमुख कार्यालय चावहिल, चुच्चेपाटीमा मिति २०८३/०२/१९ गते सम्म पेश गर्न सकिने छ।
४. सवारी साधनमा लाग्ने अन्य शुल्क जस्तै सवारी साधन कर, बिलबुक नविकरण शुल्क, नामसारी शुल्क आदि सम्पूर्ण शुल्क खरिदकर्ता स्वयमले व्यहोर्नु पर्नेछ।
५. खरिद गरी लिन चाहेको रकमको कम्तीमा १०% रकम संस्थाको प्रभू बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नंः ११८००७३५३७९०००२२ मा जम्मा गरी सो को सक्कल भौचर संलग्न गर्नुपर्नेछ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थामा निहित रहने छ। सो को कारण दिन संस्था बाध्य हुने छैन। साथै, खरीद गर्न चाहेको सवारी साधन सम्बन्धमा थप जानकारीको लागि एवम् अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र यस संस्थाको प्रमुख कार्यालय चुच्चेपाटी, चावहिलमा सम्पर्क गरी जानकारी लिन र अवलोकन गर्न सकिनेछ।

**बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८३/०२/२० गते बुधबार (बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन)**
**समय : अपरान्ह २:३० बजे**
**स्थान : संस्थाको मुख्य कार्यालय, चावहिल, चुच्चेपाटी।**

---


## साइप्रसमा रोजगार
कम्पनी : Mavromatis Employment Bureau Ltd

पूर्व स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 341131 | चलानी नं. ६०२५४४९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 1 | 0 | 750 | १३२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | 900 | १५९,२३५ | | | | | | | |
| 3. | Hostess | 0 | 1 | 750 | १३२,६९५ | | | | | | | |
| 4. | House keeping | 2 | 2 | 750 | १३२,६९५ | | | | | | | |
| 5. | kichen helper | 6 | 0 | 750 | १३२,६९५ | | | | | | | |
| 6. | Sales Girl | 0 | 3 | 750 | १३२,६९५ | | | | | | | |
| 7. | Waiter/Waitress | 2 | 2 | 750 | १३२,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ र २४ गते (6 & 7 May 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ALI OVERSEAS PVT. LTD.** Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np



## साउदी/कतारमा रोजगार
कम्पनी : PALM SPRINGS INTERNATIONAL COMPANY — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/03/08 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 325782 | चलानी नं. ६०२३९७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ४०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL TANAWA TRADING & CONTRACTING — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 338120 | चलानी नं. ६०२५१६०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 7 | 0 | 1000 | ४१,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**All Asia Overseas Pvt.Ltd** — श्रम ईजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


---

## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना।

(प्रकाशित मिति २०८३/०१/१६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न यो ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ। उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. **कुमारी बैंक लि.को** नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १४ स्थित कित्ता नं. १५९ को क्षे.फ. जम्मा २८९.१० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **कुमारी बैंक लि. को** नाममा मालपोत कार्यालय, कलंकीमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, सितापाईला गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. २३७ क्षे.फ. ७१२ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम भएको मकवानपुर जिल्ला, हेटौडा गा.वि.स/न.पा. वडा नं. ११ स्थित कित्ता नं. ६४३९ क्षेत्रफल ०-०-१०-० (वि.क.धु.क.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

**शर्तबन्देजहरु**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८३ बैशाख २२ गते** सम्म कुमारी बैंक लि.को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं/शाखा कार्यालय हेटौडामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम यस बैंक लि.को केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं /शाखा कार्यालय हेटौडाबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ। सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ। सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. उक्त घर/जग्गा ब्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ। ब्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नंबरको प्रतिलिपी पेश गर्नु पर्नेछ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८३ बैशाख २३ गते ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं /शाखा कार्यालय हेटौडामा बोलपत्र खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सो को भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुने छ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रकृयानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
१०.लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दायित्व बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ।
११.अन्य थप जानकारी चाहिएमा बैंकको केन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं /शाखा कार्यालय हेटौडामा मा सम्पर्क गर्न सकिने छ।

**बोलपत्र खोलिने मिति २०८३ बैशाख २३ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली बिभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६१०५**

---


## कुवेतमा रोजगार
कम्पनी : ASFOORA RESTAURANT COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०१/१४ | चलानी नं.: ६०२५४४६९ | LT.No.: 341122

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 9 | 0 | स. काममा दक्ष | 130 | ६३,८१३ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

कम्पनी : PUNJAB INTERNATIONAL MEN'S SALON COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०१/१४ | चलानी नं.: ६०२५४४७० | LT. No.: 341123

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barbers | 3 | 0 | स. काममा दक्ष | 150 | ७३,६३० | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ बैशाख ६ गते (6 May, 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्न होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.** — Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## मलेसियामा रोजगार
कम्पनी : DEFENCE MASTER SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 321589 | चलानी नं. ६०२३५७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 1 | 0 | 1700 | ६५,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**TRANS WORLD Manpower CO.(P) Ltd.** — Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ 9841378643 G.L. Rai, Email: twmanpower@wlink.com.np



## साउदीमा रोजगार
कम्पनी : PRECISION MEASUREMENT MAINTENANCE FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341139 | चलानी नं.६०२५४४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ERECTOR (SCAFFOLDER) | 1 | 0 | 1200 | ४३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD** — Gov Lic.No. 1570/079/80
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np


---

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८३/०१/१६**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बझाङ्ग बाट तपसिलमा उल्लेखित तपाई ऋणीले उपभोग गर्नु भएको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति वि.सं. २०८२/०२/०९ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बझाङ्गमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक- आवधिक कर्जा**

| ऋणीको नाम र ठेगाना | | जमानीकर्ताको नाम र ठेगाना | |
|---|---|---|---|
| नाम | : पुरन लुहार | नाम | : कविता लुहार |
| बाबु | : जयराम लुहार | पति | : पुरन लुहार |
| बाजे | : हरि सिं लुहार | ससुरा | : जयराम लुहार |
| ठेगाना | : रायल गा.वि.स.वडा नं. ४, बझाङ्ग | ठेगाना | : केदारस्युँ गा.पा. वडा नं. २, बझाङ्ग |
| हाल | : केदारस्युँ गा.पा. वडा नं. २, बझाङ्ग | हाल | : केदारस्युँ गा.पा. वडा नं. २, बझाङ्ग |
| ना.प्र.नं. | : ७१-०१-७१-०१४४६ | ना.प्र.नं. | : ७१-०१-७७-०४५७०, |
| जारी मिति | : बि.सं. २०७१/०३/१७ | जारी मिति | : बि.सं. २०७७/११/०३ |
| जि.प्र.का. | : बझाङ्ग | जि.प्र.का. | : बझाङ्ग |

**धितो राखिएको सम्पत्तिको विवरण:**
**धितो सुरक्षण धनीको नाम:- पुरन लुहार**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| बझाङ्ग | रायल | ३/०१५१३५४ | ३०८१ | १०५८ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९.लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा वा शाखा कार्यालय बझाङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०१/३१ गते, बिहीबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शाखा कार्यालय बझाङ्ग**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संसद् बन्धक, अध्यादेशको राज

नेपालको संसदीय राजनीतिमा एउटा उखान निकै चर्चित छ– ‘जुन जोगी आए पनि कानै चिरेको’ । वर्तमान प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले हालै चालेको कदमले यो उखानलाई पुनः चरितार्थ गरिदिएको छ । झण्डै दुईतिहाइ बहुमतको जगमा उभिएको र सुशासन एवं नयाँपनको नारा दिएर सत्तासीन भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले संसद्को बजेट अधिवेशन नै रोकेर अध्यादेशको बाटो रोज्नु विधिको शासनका लागि दुर्भाग्यपूर्ण संकेत हो ।

संसद् लोकतन्त्रको मुटु हो । जनताका प्रतिनिधिहरूले नीति निर्माण गर्ने, सरकारलाई जवाफदेही बनाउने र राष्ट्रिय मुद्दाहरूमा बहस गर्ने सर्वोच्च थलोलाई उपेक्षा गरेर चोर बाटोबाट कानुन ल्याउनु अधिनायकवादी शैलीको पराकाष्ठा हो । वैशाख १७ गतेका लागि आह्वान भइसकेको बजेट अधिवेशनलाई नाटकीयरूपमा स्थगित गरेर संवैधानिक परिषद् र सहकारीसम्बन्धी अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस गरिनुले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ । संसद्मा स्पष्ट बहुमत हुँदाहुँदै पनि संसदीय प्रक्रियालाई झमेला ठान्नु र छलफलबाट भाग्नुले सरकारको अलोकतान्त्रिक चरित्रलाई उदांगो पारेको छ ।

विगतमा केपी शर्मा ओली र शेरबहादुर देउवा नेतृत्वका सरकारले अध्यादेशको साहारा लिँदा सबैभन्दा चर्को विरोध गर्नेहरूमध्ये वर्तमान सरकारका मन्त्री र नेताहरू नै थिए । रास्वपा सभापति रवि लामिछानेले विगतमा अध्यादेशमार्फत शासन चलाउने शैलीलाई ‘राजनीतिक निर्लज्जता’को संज्ञा दिएका थिए । तर, आज सत्ताको बागडोर सम्हाल्दा उनै लामिछाने र उनको दलले सोही निर्लज्जता दोहोऱ्याउनुले नयाँ भनिएको शक्तिको नैतिकतामाथि ठूलो धक्का लागेको छ । राजनीतिक नैतिकताको कसीमा हेर्ने हो भने हिजो जुन कुरा गलत थियो, आज सत्तामा पुग्दा त्यो कसरी सही हुन सक्छ ?

संवैधानिक परिषद्जस्तो संवेदनशील निकायको कार्यविधिसम्बन्धी अध्यादेश ल्याएर राज्यका अंगहरूमा एकलौटी कब्जा गर्ने प्रयास हुनु झनै चिन्ताको विषय हो । यस्ता कदमले शक्ति सन्तुलन र नियन्त्रणको संवैधानिक मर्मलाई क्षतविक्षत पार्ने छ ।

विपक्षी दलहरू नेपाली कांग्रेस, एमाले र अन्य शक्तिहरूले सरकारको यो कदमको विरोध गर्नु स्वाभाविक छ । तर, विरोधका लागि विरोधमात्र नभई संसद्लाई प्रभावकारी बनाउन उनीहरूको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यद्यपि, सरकारले नै संसद्को अपमान गरेपछि प्रतिपक्षले सडक र सदन दुवै मोर्चाबाट दबाब सिर्जना गर्नु लोकतान्त्रिक कर्तव्य हुन आउँछ ।

प्रधानमन्त्री शाह र रास्वपा नेतृत्वले बुझ्नुपर्छ कि उनीहरूलाई प्राप्त जनमत नयाँ शैली र पारदर्शिताका लागि हो, पुराना विकृतिलाई निरन्तरता दिनका लागि होइन । अध्यादेशको शासनले सरकारलाई तात्कालिक सजिलो त देला, तर यसले लोकतान्त्रिक संस्थाहरूलाई कमजोर बनाउँछ र अन्ततः जनताको विश्वास गुमाउँछ । राष्ट्रपति कार्यालयले पनि यस्ता विवादास्पद अध्यादेशहरू जारी गर्नुपूर्व त्यसको संवैधानिक वैधता र आवश्यकताको गम्भीर परीक्षण गर्नुपर्छ । लोकतन्त्रमा विधिभन्दा माथि कोही हुँदैन र संसद् छल्ने प्रवृत्तिलाई कुनै पनि बहानामा जायज ठहऱ्याउन सकिँदैन । सरकार तुरुन्त संसद् अधिवेशन आह्वान गरेर लोकतान्त्रिक प्रक्रियामा फर्कन आवश्यक छ ।

# वैदेशिक रोजगारका चुनौती र व्यवस्थापन



❑ गम्भीरबहादुर हाडा

“ वैदेशिक रोजगारी व्यवस्थापनमा प्रदेश र स्थानीय तहको कार्यक्षेत्र स्पष्ट गरी उनीहरूलाई समेत जिम्मेवारी तुल्याई कामदारलाई घर पाएकाबाट सेवा दिने व्यवस्था गर्नुपर्छ । कामदारको बढीभन्दा बढी हक हित संरक्षण हुनेगरी एवं सुरक्षित, मर्यादित एवं व्यवस्थित वैदेशिक रोजगारको प्रवर्द्धन गर्न गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्ने कार्यलाई निन्तरता दिनुपर्छ । सबै मुलुकसँग गरिने श्रम सम्झौताको एउटा नमूना ढाँचा विकास गरी सम्झौताहरूमा एकरूपमा कायम गर्ने, उद्यमशीलताको विकासबाट पुँजी, श्रम र प्रविधिको उपयुक्त समायोजनबाट औद्योगिकीकरणको विकास र आम्दानी तथा रोजगारीमा वृद्धि गर्न सकिन्छ ।

वैदेशिक रोजगार भन्नेबित्तिकै एक देशबाट अर्को देशमा गएर कुनै प्रकारको कामका लागि आफूलाई समावेश गर्नुलाई बुझिन्छ । विशेष गरेर हिन्द महासागरका देशहरू जस्तैः भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपालका नागरिकहरू नै विभिन्न देशहरूमा काम गर्न जाने गरेका छन् । खास गरेर यो बाहिर जाने काम देशको गरिबी र बेरोजगारीको प्रतिफल नै हो । खाडी क्षेत्रका केही देशहरूमा सन् १९७० को दशकमा भएका निर्माणको कार्यबाट सिर्जित रोजगारका अवसरमा विदेशी नागरिकहरूको माग बढेको र ती देशहरूमा पाइने आकर्षक तलब तथा अन्य सुविधाबाट प्रभावित भई खासगरी दक्षिण पूर्वी एसियाली देशहरूबाट ठूलो संख्यामा मानिसहरू रोजगारीमा जान थाले । यही क्रममा नेपालबाट पनि मानिसहरू ती मुलुकहरूमा जान थालेका देखिन्छन् । हुन त नेपालीहरू कामको खोजीमा विदेश जाने क्रम सन् १८१६ को सुगौली सन्धिसँगै सुरू भएको मानिए पनि अत्युक्ति नहोला ।

पछिल्ला वर्षमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने महिलाको संख्या बढ्न थालेको छ । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को छ महिनामा ५० हजार महिलाले श्रम स्वीकृति लिएका छन् । जबकि गत आव २०८१/८२ को सो अवधिमा ४६ हजार महिला श्रम स्वीकृति लिएर विदेश गएका थिए । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदनअनुसार आव २०६५/६६ मा वैदेशिक रोजगारीमा जाने कूल नेपालीमध्ये महिलाको संख्या पाँच प्रतिशतमा सीमित थियो । गत आवमा त्यस्तो संख्या १२.९ प्रतिशत पुगेको छ ।

वैदेशिक रोजगार विभागले खाडी र मलेसियामा घरेलु काममा जान रोक लगाइएको भए पनि उत्पादन र सेवाका क्षेत्रमा जाने महिलाको संख्या बढेको जानकारी दिएको छ । विभागका अनुसार गत आवमा वैदेशिक रोजगारीमा गएका कूल आठ लाख ३९ हजार २६६ मध्ये महिलाको संख्या ९४ हजार ४५५ रहेको छ । विभागका अनुसार वैदेशिक रोजगारमा गएका श्रमिकमध्ये करिब आधा २५ देखि ३४ वर्ष उमेर समूहका छन् । वैदेशिक रोजगारमा जानेहरू आर्थिकरूपमा सबैभन्दा उत्पादनशील मानिने १८ देखि ४४ वर्ष उमेर समूहका छन् । कम उमेरमै विदेसिनेमा पुरुषको तुलनामा महिला श्रमिकको अनुपात उच्च छ ।

वैदेशिक रोजगारीमा जान चाहनेहरूले ज्यादै चनाखो भई निम्न कुराहरूमा ध्यान दिनुपर्दछ । जसमा भरपर्दो व्यक्तिकोमात्र सहयोग लिने, विदेशमा कति खर्च लाग्छ थाहा पाउने, आफ्नो पासपोर्ट जो कोहीलाई नदिने, काठमाडौंबाहेक अन्यत्रबाट उडाउने भएमा सतर्क रहने, सरकारी स्वीकृतिविना विदेश जानु सरासर ठगिनु हो भन्ने कुरामा थाहा पाउने, कम्पनीबाटबाहेक व्यक्तिगतरूपमा आफूखुसी जान चाहेमा जिम्मेवारी लिने व्यक्तिलाई सही गराउने, दलालसँग सधैं चनाखो र सावधान रहने ।

यसैगरी सही म्यानपावर कम्पनी चिनेर कारोबार गर्ने, बिचौलियाको भर नपर्ने, सीप र क्षमता विकास गरेर वैदेशिक रोजगारमा जाने, अलपत्र पर्नेगरी हतार गरेर वैदेशिक रोजगारमा नजाने, आम्दानी हुनेभन्दा बढी खर्च गरी वैदेशिक रोजगारमा नजाने, टेलिफोन तथा फ्याक्सबाट गरिएको मागमा विश्वास नगर्ने, कारबाही तथा खारेजमा परेका कम्पनीको जानकारी लिने, विभागबाट निस्सा लागेको सक्कल सम्झौतापत्र सदैव आफ्नो साथमा राख्ने र स्वास्थ्य परीक्षण गराएरमात्र विदेश जाने ।

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा आठ लाख ३३ हजार कामदार वैदेशिक रोजगारीका निम्ति बाहिरिएका छन् । अघिल्लो वर्ष यो संख्या सात लाख ४१ हजार थियो । यसरी एकै वर्षको अन्तरालमा वैदेशिक रोजगारीका निम्ति जानेहरूको संख्या एक लाखको हाराहारीमा वृद्धि हुनुले रोजगारीका निम्ति हाम्रो परनिर्भरता बढ्दै गएको देखाएको छ । यही कारणले गर्दा आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भई १७ खर्ब २३ अर्ब २७ करोड रूपैयाँ पुगेको छ र चालु आर्थिक वर्षको पाँच महिनामै यसमा ३५.६ प्रतिशतको ठूलो उछाल आएको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार ७६.८ प्रतिशत घरपरिवारले विप्रेषण आय पाएका छन् । वैदेशिक रोजगारी बढ्दै जाँदा विप्रेषण आय प्राप्त गर्ने घरपरिवारको संख्या बढ्दै गए पनि विप्रेषणबाट प्राप्त रकमको ठूलो हिस्सा दैनिक उपभोग (७२.४ प्रतिशत) र ऋण तिर्न (१५.८ प्रतिशत) खर्च भएको छ, जसले अधिकांश नेपाली परिवारका आधारभूत आवश्यकता गास, बास, कपास, शिक्षा र स्वास्थ्य पूरा गर्न मद्दत गरेको देखिन्छ । त्यसैले विप्रेषणले गरिबीको रेखामुनिका लाखौं मानिसलाई माथि उठाउन सहयोग गरेको छ । वार्षिक ठूलो संख्यामा युवा श्रमबजारमा प्रवेश गरे पनि स्वदेशमा लगानीको कमीका कारण रोजगारी सिर्जना हुन सकेको छैन ।

## वैदेशिक रोजगारीका समस्या तथा चुनौती

वैदेशिक रोजगारीमा जाने प्रक्रियामा श्रमिकहरू स्वदेशदेखि विदेशसम्मै ठगिने क्रम नरोकिएको, वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन, ओसार पसार, तस्करी बढ्दै गएको, वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च अझै उच्च रहेको, व्यवसायीहरूलाई सम्झौताको परिपालना गराउन नसकिएको । उनीहरूले अनौपचारिकरूपमा तोकिएभन्दा बढी शुल्क लिने जस्ता चुनौतीहरू रहेका छन् ।

वैदेशिक रोजगारीमा जान चाहने नेपालीहरूका लागि पर्याप्त र उपयुक्त सूचना र सचेतीकरण अभियानको कमी रहेको, अभिमुखीकरण कार्यक्रम र सचेतना अभियान प्रभावकारी रूपमा सञ्चालन गर्न नसकिएको, सीप विकास तालिम दिएर दक्षता अभिवृद्धि गर्न सकिएको छैन । करिब ७५ प्रतिशत कामदारहरू गन्तव्य मुलुकमा मागबमोजिमको कामका लागि आवश्यक कुनै पनि सीपबेगर जाने गरेका छन् । स्वास्थ्य परीक्षणलाई गुणस्तरीय, भरपर्दो र विश्वसनीय बनाउन नसक्दा कामदारले दुःख पाउने गरेका छन् । कतिपय अवस्थामा गन्तव्य मुलुकमा पुगेर स्वास्थ्य परीक्षण गर्दा फेल भई फर्कनु परेको अवस्था छ भने त्यहाँ गर्नुपर्ने काम र अपेक्षित स्वास्थ्य अवस्थाबीच तालमेल नमिल्दा कामदारको मृत्यु, दीर्घरोग वा दुर्घटनाका घटनाहरू बढिरहेका छन् ।

## व्यवस्थापन कसरी गर्ने ?

वैदेशिक रोजगार सेवाको विकेन्द्रीकरणः वैदेशिक रोजगार सेवालाई संघीय संरचनाअनुरूप प्रदेश र स्थानीय तहसम्म विकेन्द्रीकरण गर्ने । वैदेशिक रोजगार नीतिको अन्य नीतिहरूसँगको सामञ्जस्यताः वैदेशिक रोजगार नीतिलाई राष्ट्रिय रोजगार, पर्यटन, युवा, औद्योगिक, सीप विकास, व्यावसायिक तालिमलगायतका अन्तरसम्बन्धित अन्य नीतिहरूबीच सामञ्जस्य बनाउने ।

इम्प्लोइर पे प्रिन्सिपलः वैदेशिक रोजगारीमा जाने कामदारका लागि लाग्ने लागत रोजगारदाताले भुक्तानी दिने प्रणाली लागू गर्ने । करारनामा र करारका सर्तः रोजगारदाता र कामदारबीच हुने रोजगार करारका सर्तहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउने र त्यस्ता सर्तहरू नेपाली भाषामा तयार गरी एकप्रति करारपत्र कामदारलाई उपलब्ध गराउने । कामदारको बिमाः कामदारको २४ घण्टे बिमा गर्ने र वैदेशिक रोजगारीमा जाने (भारतसमेतका) कामदारलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गर्ने । उद्धार संयन्त्र तथा उद्धार कोषः वैदेशिक रोजगारका क्रममा समस्यामा परेका कामदारलाई उद्धार गर्न द्रुत उद्धार संयन्त्र र आकस्मिक उद्धार कोषको व्यवस्था गर्ने,

श्रम सहचारीको कार्य विवरण परिमार्जन गर्ने, छनोटको मापदण्डहरूलाई योग्यता प्रणाली एवं प्रतिस्पर्धात्मक विधिमा आधारित वस्तुगत बनाउने । उचित तालिमको व्यवस्था गर्ने, वैदेशिक रोजगार बोर्डको विद्यमान संरचनामा सुधार गरी यसलाई वैदेशिक रोजगारीमा रहेका कामदार र तिनका आश्रित परिवार एवं वैदेशिक रोजगारीबाट फर्केकाहरूको कल्याण, संरक्षण, अभिमुखीकरण, सचेतना, सीप विकास, उद्यमशीलता र राहत एवं सेवा तथा सुविधाको व्यवस्था गर्ने एक विशिष्टीकृत स्वायत्त तथा सक्षम संस्थाका रूपमा विकास गर्ने । यसले प्रदान गर्ने सेवालाई स्थानीय तहहरूमार्फत वितरण गर्नेगरी विकेन्द्रीकरण गर्ने ।

वैदेशिक रोजगार विभागलाई नियमन, समन्वय र प्रशासनिक काममामात्र केन्द्रित गरी सेवा प्रवाहका सबैजसो कार्यहरूलाई कार्यालयमा प्रत्यायोजन गर्ने, वैदेशिक रोजगारी व्यवस्थापनमा प्रदेश र स्थानीय तहको कार्यक्षेत्र स्पष्ट गरी उनीहरूलाई समेत जिम्मेवारी तुल्याई कामदारलाई घर पाएकाबाट सेवा दिने व्यवस्था गर्नुपर्छ । कामदारको बढीभन्दा बढी हक हित संरक्षण हुनेगरी एवं सुरक्षित, मर्यादित एवं व्यवस्थित वैदेशिक रोजगारको प्रवर्द्धन गर्न गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्ने कार्यलाई निन्तरता दिनुपर्छ । सबै मुलुकसँग गरिने श्रम सम्झौताको एउटा नमूना ढाँचा विकास गरी सम्झौताहरूमा एकरूपमा कायम गर्ने, उद्यमशीलताको विकासबाट पुँजी, श्रम र प्रविधिको उपयुक्त समायोजनबाट औद्योगिकीकरणको विकास र आम्दानी तथा रोजगारीमा वृद्धि गर्न सकिन्छ ।

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

# कामी शेर्पाका ‘सगरमाथामा ६ पाइला’



❑ कृष्ण अधिकारी

हिमाली जिल्लामा बसोबास गर्ने शेर्पा समुदायले बसोबाससँगै संस्कृति, परम्परा, धर्म र जीवनशैलीले गहिरोसँग परिचय बनाएको छ । साहसी, निडर, सरल र कर्मठ स्वभावकै कारण हिमाल आरोहणमा संसारका मानिसले शेर्पाहरूलाई सम्झने गर्छन् । सयौं शेर्पा आरोहीले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्व मञ्चमा नेपालको नाम लेखाउने काममात्रै गरेनन्, नेपालको पर्यटन विकासमा महत्त्वपूर्ण योगदानसमेत पुऱ्याएका छन् । तिनै शेर्पाहरूको सूचीमा रहेका आरोही कामी शेर्पा स्वयं सञ्चारकर्मीसमेत रहेका कारण आफ्ना अनुभवहरूलाई लिपिवद्ध गराएका छन् । आफ्नो अनुभव, संघर्ष र सफलताका कथा समेटिएको ‘सगरमाथामा ६ पाइला’ कृति नेपाली पर्वतारोहण साहित्यमा एक महत्त्वपूर्ण दस्तावेजको रूपमा रहने देखिन्छ ।

हिमाल, पर्यटन, सञ्चार र सामाजिक क्षेत्रमा आफ्नो जीवनका ऊर्जाशील समय खर्चेका कामी शेर्पा नेपालका प्रसिद्ध पर्वतारोही हुन् । छ पटकसम्म सर्वोच्च चुली सगरमाथामा पाइला टेकेका उनको साहस, समर्पण र साधना आफैंमा अमूल्य छ । निरन्तर लागिपरेर आफ्नो लक्ष्यमा पुग्न सकिन्छ भन्ने बलियो र प्रेरणादायी सन्देश दिन उनी सक्षम भएका छन् ।

यो पुस्तक केवल व्यक्तिगत सफलता कथामा सीमित छैन; यसले हिमालसँग जोडिएको जीवन, जोखिम, साहस र मानवीय धैर्यको गहिरो चित्र प्रस्तुत छ । ‘६ पाइला’ भन्ने प्रतीकात्मक शीर्षकले सगरमाथाजस्तो कठिन यात्रामा अघि बढ्ने साना तर निर्णायक कदमहरूको संकेत गर्छ । यसले पाठकलाई सफलता एकैचोटि होइन, निरन्तर प्रयास र अनुशासनबाट प्राप्त हुन्छ भन्ने सन्देश दिन्छ । यथार्थपरक प्रस्तुति नै पुस्तकको मुख्य बल हो ।

देशको पर्यटन र पर्यावरणमा समेत सकारात्मक धारणा राख्ने शेर्पा अधिकांश समय विदेशी भूमिमा रहेर पनि जन्मथलोप्रति उत्तिकै चिन्तित र क्रियाशील छन् । युवा पुस्तालाई आफ्नो शक्ति, तागत र सपनाको सदुपयोग गर्न मद्दत पुगोस् भन्ने बलियो निस्कर्षका साथ उनले यो पुस्तक प्रकाशनमा ल्याएका हुन् । हरेक व्यक्ति र समुदायले आफ्नो इतिहास, परम्परा र चालचलनलाई संरक्षण गर्नु र नयाँ पुस्तालाई हस्तान्तरण गर्नु नैतिक कर्तव्यको बोधकै गर्भबाट यो पुस्तक पाठकको हातमा पुग्न सकेको हो । आफ्ना अनुभवलाई संसारसामु दुरुस्तै देखाउने उनको इमान्दार प्रयासले भावी पुस्ताका लागि गतिलो पाठ सिकाएको छ ।




## पुस्तक चर्चा

हिमाल आरोहणका क्रममा भोग्नुपरेका अत्यधिक चिसो, अक्सिजनको कमी, जोखिमपूर्ण बाटो र मृत्युको नजिकको अनुभूतिजस्ता कठिन पक्षलाई सरल तर प्रभावकारी शैलीमा प्रस्तुत गरिएबाट लेखकको लेखन कुशलता झल्किन्छ । पुस्तक पढिरहँदा पाठकलाई आफू एक आरोहीको रूपमा सगरमाथाको नजिक भएको अनुभूति गराउँछ । पुस्तकमा विश्लेषणात्मक पक्षभन्दा अनुभवको वर्णनमा बढी जोड दिइएको छ । नेपाली र अंग्रेजी दुवै भाषामा अलग-अलग प्रकाशित यी पुस्तकले स्वदेशी र विदेशी पाठकहरूलाई नेपालको हिमाल र पर्यटनको अवस्था राम्ररी बुझ्ने अवसर दिएको छ ।

वास्तवमा यस पुस्तकलाई हिमाल र पर्यटनसँग मात्रै जोडेर नहेरी उच्च हिमाली भेगका ‘अदृश्य नायक’ शेर्पाहरूको संघर्ष र साहसको जीवन्त दस्तावेजको रूपमा पनि हेर्न सकिन्छ । शेर्पा समुदायको योगदान र उनीहरूको जीवन संघर्षलाई पनि पुस्तकले सम्मानपूर्वक उजागर गरेको छ । त्यसैले यसलाई केवल लेखकको एउटा संस्मरणमात्र नभई, मृत्युलाई नजिकबाट जितेका एक आरोहीको भावनात्मक यात्रा स्मरणको संग्रह पनि मान्न सकिन्छ । २३ वर्षको उमेरमै सगरमाथा आरोहण गर्न सफल उनले पटक-पटक गरेर छ पटक सगरमाथा आरोहण गरिरहँदा संगालेका अनुभवहरूलाई पुस्तकमा समावेश गरेका छन् ।

सोलुखुम्बु केरुङ निवासी शेर्पाले २०६९ सालमा विश्वको सर्वोच्च शिखर सगरमाथाको एकै सिजनमा तीनपटक (आठ दिनको अन्तरमा) सफल आरोहण गरी नयाँ विश्वकीर्तिमान राखेका थिए । उनले जेठ ६ गते प्रथमपटक, ११ गते दोस्रोपटक र १४ गते तेस्रोपटक सगरमाथाको सफल आरोहण गरेका थिए । साहित्यिक गहिराइ अलि कम भेटिए पनि साहस, संघर्ष र आत्मविश्वासको सन्देशले भरिएको यस पुस्तक धेरैका लागि प्रेरणादायी स्वर बन्न सक्दछ ।

समग्रमा, यस पुस्तक नेपाली पर्वतारोहण अनुभवलाई सजीवरूपमा प्रस्तुत गर्ने प्रेरणादायी कृति रहेको छ । यसले केवल एक व्यक्तिको सफलतामात्र होइन, हिमालसँग जोडिएको सम्पूर्ण जीवनदर्शनलाई उजागर गरेको छ । पुस्तकले नेपाली पर्वतारोहणको इतिहास र साहित्यमा पक्कै पनि एक महत्त्वपूर्ण इँटा थपेको छ । केही दिनअघि मात्रै राजधानीमा आयोजित एक समारोहमा विमोचित यस पुस्तकले छोटो अवधिमै धेरै पाठकहरूको मन जित्न सकेको छ । विभिन्न २० शीर्षकमा आफ्नो भोगाइका अनुभवहरूलाई संग्रहित यस पुस्तकको सम्पादन युवराज नयाँघरेले गरेका हुन् ।

# सीमा निर्धारणमा भएको ढिलाइले बेनीमा सडक आयोजना प्रभावित



**म्याग्दी–** सीमा निर्धारण नहुँदा भारत र चीन जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकमा पर्ने जलजला गाउँपालिका-३ बेनीमा सडक कालोपत्र गर्न सञ्चालित योजना प्रभावित भएको छ ।

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने प्रमुख नाकामा पर्ने पर्वत बेनीमा सडक विस्तार, स्तरोन्नति र कालोपत्र नहुँदा स्थानीयवासी, यातायात व्यवसायी र पर्यटक समस्यामा परेका छन् । राष्ट्रिय राजमार्गमा समेटिएको पर्वत बेनीको साँघुरो र जीर्ण सडकमा सवारीसाधनको चाप बढेर जाम हुने, हिलो र धूलोको समस्या भएको स्थानीयवासी कृष्ण केसीले बताए । '७६० मिटर दूरीको सडक पार गर्न जाम हुँदा १० देखि १५ मिनेट लाग्ने गरेको छ,' उनले भने, 'हिलो र धूलोको समस्या उत्तिकै छ ।'

बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले मालढुंगा-बेनी सडक कालोपत्रका लागि गरेको ठेक्काबाट वारीबेनीको ७६० मिटर, केराबारी र फर्से पहिरोमा एक-एक सय मिटर सडकलाई हटाएको थियो । वारीबेनीमा बस्तीको बीचमा सडक विस्तार गर्न घरधनीहरूको अहसमति तथा फर्से र केराबारीमा पहिरोका कारण ठेक्काबाट हटाउनुपरेको योजना प्रमुख तेजस्वी शर्माले बताए ।

'कालीगण्डकी करिडोरलगायत ८० वटा राष्ट्रिय राजमार्गको सडक सीमा निर्धारण नहुँदा बस्ती क्षेत्रमा योजना कार्यान्वयनमा अत्यन्त कठिनाइ भएको छ,' उनले भने, 'सडक ऐनले राष्ट्रिय राजमार्गमा नसमेटिएका सडकमा लागू गरेको छ मिटरको मापदण्डमा पनि स्थानीयसँग सहमति नजुट्दा पर्वत बेनीमा कालोपत्र छुटेको हो ।'

पर्वत बेनीका बासिन्दा इन्द्र मगरले सडक मापदण्ड र सीमा निर्धारणमा भएको ढिलाइका कारण घरजग्गा धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिनबाट वञ्चित हुनुपरेको गुनासो गरे । 'धूलो, हिलो र जामको समस्या त छँदै छ, बैंकहरूले सडकको सीमा स्पष्ट नभएको कारण देखाएर लगानी गर्न डराउँदा विशेष गरेर व्यवसायी मर्कामा परेका छन्,' उनले भने, 'नक्सा पास गरेर घर बनाउन पनि समस्या छ ।'

सरकारले जतिसक्दो छिटो सीमा निर्धारण गर्नुपर्ने र सीमा तोक्नुअघि बनेका भौतिक संरचनाको क्षतिपूर्ति तथा मुआब्जाको व्यवस्था गरेरमात्र सडक विस्तारको काम गर्नुपर्ने पर्वतबेनीवासीले माग राख्दै आएका छन् । पर्वत बेनी हुँदै म्याग्दी प्रवेश गर्ने कालीपुलमा अर्को मोटरबेल पुल निर्माणका लागि पनि सार्वजनिक जग्गामा रहेका घरटहराहरूको चुनौती रहेको आयोजना प्रमुख शर्माले बताए ।

कालीपुलमा २०६४ सालमा निर्माण भएको मोटरेबल पुल साँघुरो भएकाले आयोजनाले अर्को पुल बनाउन प्रस्तावित ठाउँमा रहेका घरटहराका कारण योजना अघि बढाउन समस्या भएको हो । बेनी-जोमसोम-कोरला... सडक योजनामार्फत १३ किलोमिटर दूरीको मालढुंगा-बेनी सडकलाई हालै दुई लेनको ११ मिटर फराकिलो बनाएर अक्सफाल्ट प्रविधिको कालोपत्र गरिएको छ । पर्वतको कुश्मा नगरपालिका-१ मालढुंगादेखि जलजला गाउँपालिकाको ८, ७, ४ र ३ नं वडाहुँदै म्याग्दी सदरमुकाम बेनी जोड्ने सडक दुई लेनको बनाएर कालोपत्र गर्न २०७७ साल चैतमा एपेक्स-खड्का-कृष्ण जेभीले २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् । 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुंगा-बेनी सडक बेनी सडक २०६८ सालमा एकतर्फी कालोपत्र भएको थियो । मालढुंगा-बेनी सडकमा यात्रा गर्दा यसअघि एक घण्टाको यात्राअवधि स्तरोन्नतिपछि १५ देखि २० मिनेटमा छोटिएको छ । *रासस*

## सुदूरपश्चिम विश्वविद्यालयको ३०० बिघा जग्गा अतिक्रमण

**दोधारा चाँदनी (कञ्चनपुर)–** सुदूरपश्चिम विश्वविद्यालयको ३०० बिघा जग्गा अतिक्रमण भएको छ । विश्वविद्यालयको आंगिक क्याम्पस टीकापुर बहुमुखी क्याम्पसको ३८० बिघा जग्गामध्ये ३०० बिघा जग्गा वर्षौंदेखि अतिक्रमण भएको सुदूरपश्चिम विश्वविद्यालयका रजिस्ट्रार विनोद लेखकले जानकारी दिए ।

वि.सं. २०६२ मा तत्कालीन टीकापुर विकास समितिले क्याम्पसको स्थापनाका लागि ३८० बिघा जग्गा क्याम्पसलाई दिएको भए पनि क्याम्पसले ८० बिघामात्रै भोगचलन गर्न पाएको छ । क्याम्पसको जग्गा मुक्तकमैया तथा सुकुमबासीका नाममा अतिक्रमण भएको छ । टीकापुरमा पर्याप्त जग्गा भएका कारण विश्वविद्यालयले कृषि कार्यक्रम सञ्चालन गरेको भए पनि जग्गा अतिक्रमण हुँदा कृषि संकायको प्रयोगात्मकका लागि समस्या हुँदै आएको उनले बताए ।

हाल कृषि संकायले ४० बिघा जग्गामात्रै उपयोग गर्न पाएको छ । कृषि संकायको प्रयोगात्मकका लागि कृषि फार्म, माछापोखरीलगायत काम हुन नसक्दा कृषि संकायमा अध्ययनरत विद्यार्थीहरूलाई प्रयोगात्मक गर्न समस्या भएको विश्वविद्यालयले जनाएको छ । अतिक्रमित जग्गा फिर्ता ल्याउनका लागि विश्वविद्यालयले पटक-पटक आग्रह गरे पनि अतिक्रमण हट्न सकेको छैन ।

विश्वविद्यालयका रजिष्ट्रार लेखकले भने, 'अहिलेको सरकारले अतिक्रमित जग्गा फिर्ता ल्याउँछ भन्नेमा आशावादी छौं, यसका लागि विश्वविद्यालयले पहल गरिरहेको छ ।' यसअघि अतिक्रमित जग्गामा बसेकाहरूलाई विभिन्न राजनीतिक पार्टीको संरक्षण भएका कारण अतिक्रमण हटाउन समस्या भएको थियो । विश्वविद्यालयले अतिक्रमित जग्गाको छानबिन गरी फिर्ता ल्याउन प्रयास गरे पनि सार्थकता पाउन सकेको थिएन । *रासस*

## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८३/०१/१६**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपशिल बमोजिमका निर्माण कार्यका लागि दर्ता हुन आएका इलेक्ट्रोनिक बोलपत्रहरु मूल्यांकन हुँदा तपशिल बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ (सात) दिने आशयपत्रको सुचना जारी गरिएको छ ।

**तपशिलः**

| क्र. स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम (भ्याट र प्रोभिज्नल सम समेत) |
|---|---|---|---|---|
| १. | १८/KM/NCB/२०८२-८३ | धार्मिक पर्यटकिय स्थल पोखरीताल जाने बाटो एकिकृत शहरि पुर्वाधार निर्माण वार्ड नं १ | श्री मल्टि इन्जिनियरिङ निर्माण सेवा खुमलटार-१५, ललितपुर | ५८,३७,९४४.५९/- |
| २. | १९/KM/NCB/२०८२-८३ | सिद्धेश्वर राधाकृष्णा पन्चायन मन्दिरको परिसरमा स्तर उन्नती एवम क्रियापुत्री भवन निर्माण वार्ड नं-०८ | श्री मल्टि इन्जिनियरिङ निर्माण सेवा खुमलटार-१५, ललितपुर | २०,७१,७२१.५४/- |
| ३. | २०/KM/NCB/२०८२-८३ | वडा कार्यालय भवन निर्माण वार्ड नं-१७ | श्री टिवन्स ग्रुप अफ कन्स्ट्रक्सन प्रा. लि. टोखा-१० काठमाडौँ | ४१,६६,२४०.०५/- |

प्रमुख प्रशासकीय अधिकृत

## Chame Rural Municipality
## Office of the Rural Municipal Executive
Chame, Manang

Gandaki Province Nepal

### Notice Intent 0F Acceptance

**(Date of Publication 2083-01-16)**

For the provision of clause sub 27 clause (2) and (3) of the public procurement Act 2063, this is notify to all bidders who submitted their bids for the contracts as per the notice published on 22-03-2026 in Prabhab National Daily that the following lowest evaluated substantial responsive bidder is intended to award the contract.

| Name of Project | Contract no | Name of the Successful Bidder | Bid Amount (Including VAT&PS) |
|---|---|---|---|
| Construction of Thanchok Water Supply Project. | CRM-Works/06/082/083 | Manjuri Construction Pvt.Ltd. Rolpa | NRs 86,33,566.4 |

(Bina Devi Sharma )
Chief Administrative Officer

### कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. (चावहिल काठमाडौं) को नाममा रहेको गैह्र- बित्तिय सम्पत्ति लिलाम बिक्री सम्बन्धि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मिति : २०८३/०१/१६ गते बुधवार**

यस कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.(कुमारी बिल्डिङ्ग) चावहिल काठमाडौंको नाममा रहेको तपशिल बमोजिमको गैह्र बित्तिय सम्पत्ति जग्गा लिलाम बिक्री सम्बन्धि जे-जस्तो अवस्थामा छ सोही अवस्थामा यस कार्यालयले लिलाम बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरू सहित लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट रीतपुर्वक गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपशिल**

| क्र.सं. | संस्थाको नाममा रहेको गैह्र बित्तिय सम्पत्तिको बिवरण | बोलपत्र फारम दस्तुर |
|---|---|---|
| १. | भक्तपुर जिल्ला ताथली गा.बि.स. वडा नं. ८<br>नक्सा सिट नं.८ट<br>कित्ता नं. १२०८ र १२११<br>क्षेत्रफल : ०-७-०-३ (२२८.५० ब.मि.) र<br>०-७-१-३ (२३६.४५ ब.मि.) क्षेत्रफलमा रहेको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | रु.५००/ |
| २. | काठमाडौं जिल्ला कपन गा.बि.स. वडा नं. १<br>नक्सा सिट नं.१०२०९८८२२<br>कित्ता नं. ३१०<br>क्षेत्रफल : १२२.०० ब.मि. क्षेत्रफलमा रहेको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**लिलामका शर्तहरू:**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस संस्थाको मुख्य कार्यालय चावहिल, काठमाडौंबाट रु.५००/- (अक्षरूपी पाँच सय रूपैया मात्र)पछि फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२) शिलबन्दी बोलपत्रमा भागलिन इच्छुक व्यक्ति तथा संस्थाले मिति २०८३ साल बैशाख २२ गते दिनको ३:०० बजे भित्र मुख्यकार्यालय चावहिल, काठमाडौंमा दर्ता भै सक्नुपर्ने छ ।
३) शिलबन्दी बोलपत्र २०८३ साल बैशाख २३ गते बुधवार दिनको ३:०० बजे मुख्य कार्यालय चावहिल, काठमाडौंमा बोलपत्रदाताहरू वा निजले लिखित रूपमा नियुक्तगरेको प्रतिनिधिहरू र अन्य पदाधिकारी हरूको रोहवरमा शिलबन्दी बोलपत्र खोल्ने कार्य सुरु गरिनेछ । बोलपत्रदाताहरू वा निजको प्रतिनिधी समेत उपस्थित नभयमा पनि शिलबन्दी बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खूलेको दिनमा सोहि स्थान र समयमा उक्त कार्य हुनेछ ।
४) बोलपत्र स्वीकृत भएमा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेखगरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत धरौटी रकम नगद वा संस्थाको नाममा जारी गरीयको Good For Payment गरीएको A/C Payee चेक वा बैंक भौचरको सक्कल प्रति बोलपत्र स्वीकृत हुना साथ पेश गर्नपर्ने छ । बोलपत्र स्वीकृत भएको सुचना पाएको मितीले ७ (सात) दिन भित्र बाँकी रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दालाग्ने सम्पुर्ण खर्च समेत सकार गर्ने व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले व्यहोर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम जम्मा गरी आफनो नाममा सम्पत्ति नामसारी गरी नलिएमा धरौटि रकम फिर्ताहुने छैन ।
५) शिलबन्दी बोलपत्र पेशगर्ने व्यक्तिको हकमा निजले नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म, संगठित संस्था वा कम्पनिले संचालक समितिको निर्णयको प्रतिलिपी, इजाजत प्राप्त दर्ता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क. वा आय कर दर्ता प्रमाण पत्रको प्रतिलिपी को साथै अख्तीयारी प्राप्त व्यक्तिको नागरीकता तथा संस्थागत परिचयपत्र पेश गर्नुपर्ने छ ।
६) कुनै शर्त राखी पेशगरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
७) लिलाम सम्पत्तिको निरीक्षण गर्नचाहेमा शिलबन्दी बोलपत्र पेशगर्नु अगावै कार्यालय समय भित्र यस संस्थाको मुख्य कार्यालय कुमारी बिल्डीङ्ग चावहिल काठमाण्डौमा सम्पर्क राखि सम्पत्ति निरीक्षण गर्न सकिनेछ ।
८) कुनै कारण खुलाइ वा नखुलाई शिलबन्दी बोलपत्र स्वीकृत, अस्वीकृत वा स्थगित गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
९) अन्य शर्त हरू बोलपत्र फारममा उल्लेख गरीएबमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति :- २०८३/०१/ २२ गते मंगलवार**
**शिलबन्दी बोलपत्र खोल्ने मिति :- २०८३/०१/ २३ गते बुधवार (सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट)**
**स्थान : संस्थाको मुख्य कार्यालय चावहिल मा**
**समय : दिउँसो ३.००बजे**

वस्तुत जानकारीको लागि
**कुमारी सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
(चावहिल)-७, काठमाडौं । फोन नं.: ०१-४५७८००६, ४५६५१०२, ४५६५२५६, ४५६५२७४ मा सम्पर्क गर्नुहोला ।

### युएइमा रोजगार
कम्पनी : Galvanizing Services LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 324690 | चलानी नं. ६०२३८६४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Public Building | 8 | 0 | 800 | २९,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 2 | 0 | 800 | २९,७७० | | | | | | | |
| 3 | Filing Clerk/archive Clerk | 4 | 0 | 1200 | ४४,६५४ | | | | | | | |
| 4 | Window Cleaner | 9 | 0 | 800 | २९,७७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०९३/०७३/०७४
**Al Haya Recruitment Pvt. Ltd.**
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

### साइप्रसमा रोजगार
कम्पनी : PRIVATE EMPLOYMENT AGENCY

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 327139 | चलानी नं. ६०२४१०८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DOMESTIC WORKER | 0 | 10 | 400 | ७०,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | २०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1758/081/82
**APPS OVERSEAS MANPOWER PVT. LTD**
Bhimsengola - 31, Kathmandu, Nepal, Tel: +977 1 4536137, 9768722509
E-mail : appsmanpower2025@gmail.com Web: www.appsoverseas.com

### कतारमा रोजगार
कम्पनी : LONG TERM TARGET CONTRACTING AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ | LT. No. 330131 | चलानी नं. ६०२४३९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Cleaning Worker | 10 | 12 | 1000 | ४१,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

### साउदीमा रोजगार
कम्पनी : Al Rajhi Petroleum and Industrial Products Company

**वासिङ्टन-** युद्ध अन्त्य र हर्मुज जलघाँटी पुनः सञ्चालन गर्ने प्रस्ताव अघि सारे पनि इरानले आफ्नो आणविक कार्यक्रमबारे छलफल स्थगित गर्न खोजेपछि अमेरिकाले स्पष्टरूपमा चासो नदेखाएको संकेत दिएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्प नेतृत्वको प्रशासनले उक्त प्रस्तावलाई तत्काल स्वीकार गर्ने सम्भावना कमजोर देखिएको छ ।



इरानले अमेरिकाले आफ्नो आर्थिक नाकाबन्दी हटाए युद्ध अन्त्य गर्ने र रणनीतिकरूपमा अत्यन्त महत्त्वपूर्ण स्ट्रेट अफ हर्मुज पुनः खोल्ने प्रस्ताव पठाएको थियो । तर उक्त प्रस्तावमा इरानको आणविक कार्यक्रमबारे वार्ता रोक्ने कुरा समावेश भएकाले वासिङ्टन असन्तुष्ट देखिएको हो । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सोमबार फक्स न्युजसँगको अन्तर्वार्तामा स्पष्ट पार्दै कुनै पनि सम्झौताले इरानलाई भविष्यमा आणविक हतियारतर्फ जानबाट रोक्नुपर्ने अनिवार्य सर्त रहेको बताए ।

उनले भने, 'हामीले सुनिश्चित गर्नुपर्छ कि कुनै पनि सम्झौताले उनीहरूलाई कुनै पनि अवस्थामा आणविक हतियार विकास गर्ने बाटोमा अघि बढ्न नदिइयोस् ।' रुबियोले इरानको प्रस्ताव पाकिस्तानमार्फत आएको पुष्टि गर्दै त्यसप्रति गम्भीर सन्देह व्यक्त गरे । उनका अनुसार इरानी नेतृत्व वार्तामा समय तान्न दक्ष रहेको छ र त्यसलाई सजिलै विश्वास गर्न सकिने अवस्था छैन ।

ह्वाइट हाउसले पनि राष्ट्रपतिको राष्ट्रिय सुरक्षा टोलीले प्रस्तावबारे छलफल गरिसकेको जनाएको छ । राष्ट्रपति ट्रम्पले यस विषयमा पछि औपचारिक प्रतिक्रिया दिने बताइएको छ । यसबीच, इरानका विदेशमन्त्री अब्बास अराघचीले मस्को भ्रमणपछि उक्त प्रस्ताव सार्वजनिक गरेका हुन् । तेहरानको दीर्घकालीन सहयोगी मानिने रुसले यस विषयमा कस्तो भूमिका खेल्ने भन्ने अझै स्पष्ट भएको छैन ।

युद्धको मानवीय क्षति भने दिनप्रतिदिन बढ्दो छ । इरानमा हालसम्म कम्तीमा तीन हजार ३७५ जनाको ज्यान गएको छ भने लेबनानमा दुई हजार ५२१ जनाको मृत्यु भइसकेको छ । इजरायल र इरान समर्थित हिजबुल्लाहबीच युद्ध सुरु भएको दुई दिनपछि पुनः चर्किएको द्वन्द्वले क्षेत्रीय अस्थिरता थप गहिरो बनाएको छ । इजरायलमा २३ जनाको ज्यान गएको छ भने खाडीका अरब राष्ट्रहरूमा एक दर्जनभन्दा बढीको मृत्यु भएको छ । यसैबीच, लेबनानमा १६ इजरायली सैनिक, क्षेत्रमा १३ अमेरिकी सैनिक र दक्षिणी लेबनानमा छ जना संयुक्त राष्ट्रसंघका शान्तिरक्षकहरू मारिएका छन् ।

अमेरिकी अधिकारीहरूले इरानको व्यवहारलाई विश्व ऊर्जा सुरक्षाका लागि गम्भीर चेतावनीका रूपमा लिनुपर्ने बताएका छन् । अमेरिकी विदेश मन्त्रालयकी राजनीतिक मामिला उपसचिव एलिसन हुकरले क्रोएसियाको डुब्रोभनिकमा आयोजित बहुपक्षीय भेलामा बोल्दै हर्मुज जलघाँटीमा इरानको गतिविधिलाई 'अवैध' भन्दै त्यसले विश्वलाई ऊर्जा आपूर्ति सुरक्षाबारे पुनर्विचार गर्न बाध्य पारेको बताइन् ।

उनले भनिन्, 'यो घटनाले हाम्रो आपूर्ति शृंखलालाई सुरक्षित बनाउने र अविश्वसनीय साझेदारमाथिको निर्भरता घटाउने आवश्यकता स्पष्ट पारेको छ ।' हुकरका अनुसार विश्व तीव्र गतिमा परिवर्तन भइरहेकाले ऊर्जा स्रोतको विविधीकरण र अन्तरदेशीय सहकार्य अझै मजबुत बनाउनुपर्ने समय आएको छ ।

रुबियोले पनि इरानको आणविक महत्त्वाकांक्षा नै मुख्य समस्या भएको दोहोऱ्याउँदै यदि वर्तमान धार्मिक नेतृत्व कायम रह्यो भने भविष्यमा इरानले आणविक हतियार विकास गर्ने निर्णय लिन सक्ने बताए । उनले भने, 'त्यो आधारभूत मुद्दा अझै समाधान हुन बाँकी छ, र यही नै अहिलेको सबैभन्दा ठूलो चिन्ता हो ।' *रासस/एपी*

# ओपेकबाट बाहिरिने युएईको घोषणा

**दुबई-** विश्व ऊर्जा राजनीतिमा नयाँ मोड ल्याउने निर्णय गर्दै संयुक्त अरब इमिरेट्स (युएई)ले तेल उत्पादक राष्ट्रहरूको संगठन ओपेकबाट बाहिरिने घोषणा गरेको छ । युएईको यो घोषणाले क्षेत्रीय शक्ति सन्तुलन र तेल बजार दुवैमा असर पार्ने संकेत दिएको छ । लामो समयदेखि चर्चामा रहेको यो निर्णय मे १ देखि कार्यान्वयनमा आउने बताइएको छ ।




राज्यद्वारा सञ्चालित डब्लुएएम समाचार एजेन्सीमार्फत सार्वजनिक गरिएको घोषणामा युएईले आफ्नो दीर्घकालीन रणनीतिक र आर्थिक प्राथमिकताअनुसार यस्तो कदम चालिएको स्पष्ट पारेको छ । पछिल्लो समय घरेलु ऊर्जा उत्पादनमा तीव्र लगानी र बदलिँदो ऊर्जा प्रोफाइललाई मध्यनजर गर्दै आफूलाई विश्व ऊर्जा बजारमा अझ स्वतन्त्र र सक्रियरूपमा प्रस्तुत गर्ने लक्ष्य यस निर्णयको केन्द्रमा रहेको जनाइएको छ ।

सन् १९६७ मा अबुधाबीमार्फत पहिलोपटक ओपेकमा प्रवेश गरेको युएईले सन् १९७१ मा स्वतन्त्र राष्ट्र बनेपछि पनि संगठनमा आफ्नो सदस्यता कायम राख्दै आएको थियो । तर समयसँगै क्षेत्रीय राजनीति र आर्थिक प्रतिस्पर्धाले यसको रणनीतिमा परिवर्तन ल्याएको देखिन्छ ।

विशेषगरी छिमेकी साउदी अरेबियासँगको सम्बन्ध पछिल्ला वर्षहरूमा चिसिँदै गएको सन्दर्भमा यो निर्णयलाई अर्थपूर्णरूपमा हेरिएको छ । क्राउन प्रिन्स मोहम्मद बिन सलमानको नेतृत्वमा साउदी अरेबियाले अर्थतन्त्र खुला गर्दै विदेशी लगानी आकर्षित गर्ने आक्रामक प्रयास थालेपछि युएईसँग प्रत्यक्ष प्रतिस्पर्धा बढेको थियो । यसले दुवै देशबीचको पारम्परिक सहकार्यलाई चुनौती दिएको विश्लेषकहरू बताउँछन् ।

युएईले आफ्नो वक्तव्यमा ओपेकबाट बाहिरिएपछि पनि जिम्मेवार ऊर्जा उत्पादकका रूपमा भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएको छ । बजारको माग र अवस्थाअनुसार क्रमिक तथा सन्तुलितरूपमा उत्पादन बढाउँदै लैजाने नीति अपनाइने बताइएको छ ।

भियनामा मुख्यालय रहेको ओपेकलाई लामो समयदेखि साउदी अरेबियाले नेतृत्व गर्दै आएको छ । तर पछिल्ला वर्षहरूमा संयुक्त राज्य अमेरिकाले कच्चा तेल उत्पादन बढाएपछि ओपेकको प्रभाव केही कमजोर भएको आकलन गरिन्छ । यस्तो अवस्थामा युएईको बहिर्गमनले संगठनको एकता र प्रभावमा थप प्रश्न उठाउन सक्छ ।

यसैबीच, साउदी अरेबिया र युएईबीच क्षेत्रीय मुद्दाहरूमा पनि प्रतिस्पर्धा चर्किँदै गएको छ । विशेषगरी यमन द्वन्द्वमा देखिएको मतभेद उल्लेखनीय छ । सन् २०१५ मा इरान समर्थित हुथी विद्रोहीविरुद्ध संयुक्तरूपमा गठबन्धन बनाए पनि पछिल्लो समय आरोप-प्रत्यारोप बढ्दै गएको छ । गत डिसेम्बरमा साउदी अरेबियाले युएई समर्थित यमनी पृथकतावादी समूहका लागि हतियार ढुवानी भइरहेको आरोप लगाउँदै आक्रमण गरेको घटनाले सम्बन्ध थप तनावपूर्ण बनाएको थियो ।

आर्थिक क्षेत्रमा पनि प्रतिस्पर्धा स्पष्ट देखिएको छ । युएईको व्यापारिक केन्द्र दुबईमा आधारित साउदी सञ्चार संस्थाहरू पछिल्ला महिनाहरूमा आफ्नै देश फर्किन थालेका छन्, जसलाई दुई देशबीच बढ्दो दूरीको संकेतका रूपमा हेरिएको छ । *रासस/एपी*

# स्टार्मरमाथि बढ्दो राजनीतिक दबाब

**लण्डन-** संयुक्त राज्य अमेरिकाका लागि बेलायतका राजदूत नियुक्तिसम्बन्धी विवादले प्रधानमन्त्री कीर स्टार्मरलाई फेरि एकपटक गम्भीर राजनीतिक दबाबमा पारेको छ । पिटर म्याण्डेलसनको विवादास्पद नियुक्तिलाई लिएर संसद्मा अनुसन्धान गराउने कि नगर्ने भन्ने विषयमा मंगलबार निर्णायक बहस र सम्भावित मतदान हुने तय भएको छ ।

स्टार्मरका पूर्वचिफ अफ स्टाफ मोर्गन म्याकस्विनीले सांसदहरूको एक समूहसमक्ष गवाही दिने छन्, जहाँ उनलाई सुरक्षा जाँचमा प्रश्न उठ्दा पनि म्याण्डेलसनलाई किन यस्तो संवेदनशील कूटनीतिक जिम्मेवारी दिइयो भन्नेबारे सोधपुछ गरिने छ । हाउस अफ कमन्सको विदेश मामिला समितिले बिहानै उनीसँग प्रश्नोत्तर गर्ने कार्यक्रम राखेको छ । त्यसपछि पूर्ण सदनमा यस विषयमा चर्को बहस हुने अपेक्षा गरिएको छ ।

विपक्षी कन्जरभेटिभ पार्टीले यो नियुक्ति प्रक्रियामा गम्भीर त्रुटि भएको आरोप लगाएको छ । पार्टीकी नेतृ केमी बाडेनोचले स्टार्मरले 'पूर्णउचित प्रक्रिया अपनाइएको' भनेर संसद्लाई पटक-पटक भ्रमित पारेको दाबी गरेका छन् । यसै आधारमा स्टार्मरलाई संसद्को विशेषाधिकार समितिमा पठाएर औपचारिक अनुसन्धान गर्नुपर्ने माग गरिएको छ ।

यो प्रकरण स्टार्मरका लागि थप जटिल बन्दै गएको छ । केही हप्तादेखि उनले म्याण्डेलसन प्रकरणकै कारण उठिरहेका राजीनामाका मागहरू व्यवस्थापन गर्न संघर्ष गरिरहेका छन् । म्याण्डेलसनको नाम अमेरिकी यौन अपराधी जेफ्री एपस्टेनसँगको सम्बन्धका कारण विवादमा तानिएको थियो । नयाँ विवरण सार्वजनिक भएपछि स्टार्मरले सेप्टेम्बरमा उनलाई पदबाट हटाएका थिए ।

यसैबीच, सन् २००९ मा सरकारमा रहँदा एपस्टेनलाई संवेदनशील सरकारी जानकारी दिएको आरोपमा फेब्रुअरीमा म्याण्डेलसनमाथि प्रहरी अनुसन्धान पनि सुरु भएको थियो । म्याकस्विनीले म्याण्डेलसनको नियुक्तिमा आफ्नो भूमिका स्वीकार गर्दै यसअघि नै राजीनामा दिएका थिए ।

पूर्वउच्च निजामती कर्मचारी ओली रोबिन्सले भने प्रधानमन्त्री कार्यालयका कर्मचारीहरूले नियुक्ति प्रक्रिया छिटो पार्न दबाब दिएको आरोप लगाए । उनका अनुसार म्याण्डेलसनलाई अमेरिकामा नयाँ प्रशासनको दोस्रो कार्यकाल सुरु हुनुअघि नै पदस्थापन गराउने उद्देश्यले हतार गरिएको थियो । सुरक्षा अधिकारी इयान कोलार्डले पनि 'छिटो परिणाम निकाल्न दबाब' आएको स्वीकार गरे । यद्यपि त्यसले आफ्नो निर्णयलाई असर नगरेको उनको भनाइ छ ।

प्रधानमन्त्री स्टार्मरले भने आफ्नो कार्यालयबाट कुनै पनि प्रकारको दबाब नदिइएको दाबी गरेका छन् । यद्यपि, सुरक्षा जाँच एजेन्सीको सिफारिसविपरीत म्याण्डेलसनलाई स्वीकृति दिइएको तथ्य सार्वजनिक भएपछि यस महिनाको सुरुआतमै रोबिन्सलाई बर्खास्त गरिएको थियो । स्टार्मरले आफूलाई सुरक्षासम्बन्धी चिन्ताबारे जानकारी नदिइएकोप्रति 'आश्चर्य' व्यक्त गरेका थिए । राजनीतिक विश्लेषकहरूका अनुसार यो विवादले स्टार्मरको नेतृत्व क्षमतामाथि प्रश्न उठाएको छ । सन् २०२४ को निर्वाचनमा ठूलो जित हासिल गरेयता उनले पटक-पटक निर्णयगत कमजोरी देखाएको आरोप आलोचकहरूले लगाउँदै आएका छन् ।

यसअघि फेब्रुअरीमै केही लेबर सांसदहरूले राजीनामाको माग उठाए पनि स्टार्मरले स्थिति नियन्त्रणमा राख्न सफल भएका थिए । तर मे ७ मा हुने स्थानीय तथा क्षेत्रीय चुनाव नजिकिँदै गर्दा यो मुद्दाले थप राजनीतिक जोखिम निम्त्याउन सक्ने देखिएको छ । ती चुनावलाई मतदाताहरूले सरकारको मध्यावधि मूल्यांकनको अवसरका रूपमा हेर्ने गरिन्छ ।

प्रधानमन्त्रीलाई विशेषाधिकार समितिमा पठाउन लेबर पार्टीभित्रै ठूलो संख्यामा सांसदहरूले विपक्षीसँग मिलेर मतदान गर्नुपर्ने छ, जुन सम्भावना कम मानिएको छ । स्टार्मरले आफ्ना सांसदहरूलाई एकजुट रहन आह्वान गर्दै विपक्षी प्रस्तावलाई चुनावअघिको 'राजनीतिक स्टन्ट' भनेर टिप्पणी गरेका छन् । *रासस/एपी*


**कुवेतमा रोजगार** कम्पनी : Randa Hajjaj Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 341137 चलानी नं. ६०२५४५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 8 | 200 | ५३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Srijanahil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**मलेसियाको अवसर** कम्पनी : SPX XPRESS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ LT. No. 341046 चलानी नं. ६०२५४४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Worker | 120 | 0 | 1700 | ६४,९९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

dream
श्रम ईजाजत नं. १७३२/०८१/०८२
Dream International H.R.
Chakrapath-4, Kathmandu, Head office, Nepal
Phone : 01-4548444, 9851030654, 9801031980, 9841781155, E-mail : info@dreamintl.com.np

**युएइमा रोजगार** कम्पनी : United Security Group - Sole Proprietorship LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/१० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 326090 चलानी नं. ६०२४००५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 0 | 2000 | ७६,४६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Recruitment Group Pvt.Ltd. (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

**साउदीमा रोजगार** कम्पनी : KHALED MOHAMMED AL-RASHIDI FOOD SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ LT. No. 341104 चलानी नं. ६०२५४४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Maker | 2 | 0 | 1200 | ४८,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

**कतार/कुवेतमा रोजगार** कम्पनी : BARANYOSH KITCHENS AND RESTAURANTS

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 327741 चलानी नं. ६०२४१५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1400 | ५७,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steward/dishwasher | 4 | 0 | 1100 | ४५,३२५ | | | | | | | |
| 3 | Assistant Cook | 1 | 0 | 1500 | ६१,८१० | | | | | | | |

कम्पनी : SOUTH AVENUES SALOON & SPA COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१५ LT. No. 333264 चलानी नं. ६०२४६९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver/driver | 4 | 0 | 140 | ६८,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure | 0 | 1 | 150 | ७३,६६८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FEWA OVERSEAS PVT. LTD
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Contact : 01-5914530, 9844024322 9813432386, 9827644060, 9825201309, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!!**
**शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर ।**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ART FIBREGLASS SDN BHD
कम्पनी : आर्ट फाइबरग्लास एसडिएन बिएचडि
Pre Approval Date : 2026-04-28 LT. No. 341153 Invoice No. 60254501
पूर्व स्वीकृति मिति : २०८३/०१/१५ एल टि न. ३४११५३ चलानी नं. ६०२५४५०१

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री प्रडक्सन वर्कर Factory Production Workers | ७ 7 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६५,०५० 65,050 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

COMPANY: KAE RECYCLE SDN. BHD.
कम्पनी : के रिसाइकल एसडिएन बिएचडि
Pre Approval Date : 2026-04-28 LT. No.341154 Invoice No. 60254502
पूर्व स्वीकृति मिति : २०८३/०१/१५ एल टि न. ३४११५४ चलानी नं. ६०२५४५०२

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वर्कर/पि.ओ General Worker/P.O | ११ 11 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६५,०५० 65,050 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

COMPANY: WANSERN FOAM INDUSTRY SDN BHD
कम्पनी : वानशर्न फोम इन्डस्ट्रि एसडिएन बिएचडि
Pre Approval Date : 2026-04-28 LT. No.341155 Invoice No. 60254503
पूर्व स्वीकृति मिति : २०८३/०१/१५ एल टि न. ३४१०५५ चलानी नं. ६०२५४५०३

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वर्कर/फ्याक्ट्री वर्कर General Worker/ Factory Worker | १५ 15 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १७०० 1700 | ६५,०५० 65,050 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

The final interview will be conducted in the office on 6th May. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २३ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तर्वार्ता जारी छ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा यस प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Swift H.R. Solution Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer
सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear the Service Fee रोजगारदाताले ब्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Swift H.R. Solution Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.


SWIFT H.R. SOLUTION PVT. LTD.
श्रम इजाजत नं. ११९७/०७३/०७४
Tokha -5, Basundhara, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820, Mob: 9801001207
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३९७५०० | प्रति तोला – ० | प्रति तोला – ४९४५ |



**स्याउ बगैंचा** | जुम्लाको चन्दनाथ– ५ का युवा कृषि उद्यमी सरोज शाहीले फुजी स्याउको उत्पादनका लागि तयारी गरेको स्याउ बगौँचा ।
*तस्बिरः विजय रावत/रासस*

# बजेट निजी क्षेत्रमैत्री र उत्पादनमुखी बनाउन आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका सन्दर्भमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसमक्ष सुझाव पेस गरेको छ । चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको टोलीले मन्त्रालयमा पुगेर समग्र अर्थतन्त्रलाई गतिशील बनाउने खालका नीतिगत सुझाव प्रस्तुत गरेको हो ।

चेम्बरले बजेट निजी क्षेत्रमैत्री, उत्पादनमुखी र लगानी प्रोत्साहन गर्ने खालको हुनुपर्ने धारणा राख्दै आर्थिक स्थायित्व, सुशासन र व्यवसायमैत्री वातावरण निर्माणमा प्राथमिकता दिन आग्रह गरेको छ । चेम्बरले कृषि, पर्यटन, उद्योग, सूचना प्रविधि, ऊर्जा, वैदेशिक लगानी, निर्यात प्रवर्द्धन तथा कर प्रणाली सुधारलगायत सबै क्षेत्र समेटेर आफ्नो धारणा प्रस्तुत गरेको हो ।

कृषि क्षेत्रमा आधुनिकीकरण, सहुलियत कर्जा र बजार पहुँच विस्तार, पर्यटन क्षेत्रमा पूर्वाधार विकास र अन्तरराष्ट्रिय प्रवर्द्धन, उद्योग क्षेत्रमा उत्पादन लागत घटाउने र प्रक्रियागत सहजता, सूचना प्रविधिमा कर छुट तथा 'डिजिटल' पूर्वाधार विस्तार, ऊर्जा क्षेत्रमा निजी लगानी प्रवर्द्धन तथा जलविद्युत् विकासलाई तीव्रता दिनुपर्ने सुझाव चेम्बरले दिएको छ ।

त्यस्तै, कर प्रणाली सरल बनाउँदै एकद्वार प्रणाली लागू गर्न, निर्यातलाई प्रोत्साहन गर्न र 'मेड इन नेपाल' उत्पादनलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ । आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवं यान्त्रिकीरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिई कृषि उत्पादन गर्नेलाई 'लिज'को व्यवस्था एवं लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरको सुझाव छ ।

अर्थ मन्त्रालयलाई चेम्बरले दिएको सुझावमा निर्यात व्यापारलाई मूल्य अभिवृद्धिका आधारमा अनुदान दिने नीति अपनाइनुपर्ने र निर्यात अनुदानलाई एकद्वार प्रणालीअन्तर्गत निकासीकर्ताहरूलाई सरल र सहज ढंगले प्रदान गरिनुपर्ने उल्लेख छ ।

यस्तै, वैदेशिक रोजगारीबाट फर्किनेहरूको सीप दक्षता उपयोगका लागि स्वदेशी लगानी प्रोत्साहित गर्ने भनिएको छ । यसका लागि वैदेशिक रोजगारीबाट फर्किनेहरूको सीप र दक्षतासहितको सम्पूर्ण विवरण अध्यागमन विभागमा अभिलेखीकरणको व्यवस्था गरिनुपर्ने जनाइएको छ । 'रेमिट्यान्स' बापत नेपालमा भित्रिने रकमको अधिकांश हिस्सा उपभोगमा मात्र खर्च भइरहेको परिस्थितिमा नेपालमा भित्रिने रेमिट्यान्सलाई ऊर्जालगायत अन्य पूर्वाधार क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति ल्याइनुपर्ने चेम्बरको सुझाव छ ।

यस्तै, घरेलु, साना तथा मझौला उद्योगहरूलाई स्थायित्व स्थायी ब्याजदरमा ऋण उपलब्ध हुने नीतिगत व्यवस्था हुनुपर्ने पनि चेम्बरको सुझावमा उल्लेख छ । सबै प्रकारको करमा तीन तहको सरकारबीच एकद्वार प्रणाली लागू गरिनुपर्ने भन्दै चेम्बरले दोहोरो करको मापदण्ड अन्त्य गरिनुपर्ने उल्लेख गरेको छ । विश्व व्यापार संगठनबाट निर्धारित मूल्यांकनमा 'अनलाइन डाटाबेस' प्रणालीलाई प्रभावकारी बनाइनुपर्ने चेम्बरले जनाएको छ ।

देशमा अधिकांश उपभोग्य सामानका लागि आयातमा नै निर्भर हुनु परेकाले एमआरपी लेबलको व्यवस्था आयातित वस्तुहरूको हकमा लागू गर्न निकै कठिन रहेको उल्लेख गर्दै सरोकारवाला निकायसँग सर्वपक्षीय छलफल र सहमतिका आधारमा मात्रै एमआरपीलाई कार्यान्वयनमा लैजानुपर्ने चेम्बरले जनाएको छ ।

यस्तै, आगामी बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राखी आधुनिकीकरण एवं यन्त्रिकीकरणका लागि पहल गरिनुपर्ने तथा बाँझो जमिन सदुपयोग नीति लिई कृषि उत्पादन गर्नेलाई लिजको व्यवस्था एवं लगानीका लागि सहजीकरण गरिनुपर्ने चेम्बरले सुझाव पेस गरेको छ ।

उक्त अवसरमा अर्थमन्त्री वाग्लेले सरकारले आर्थिक सुधारका विभिन्न कदम अघि बढाइसकेको उल्लेख गर्नुभयो । उहाँले राजस्व अनुसन्धान विभाग खारेज गरिसकिएको, करका दर घटाउने योजना रहेको भन्दै अब राजस्व बढ्न, रोजगारी सिर्जना हुन र अर्थतन्त्रको आकार विस्तार हुन आवश्यक रहेको बताए ।

मन्त्री डा वाग्लेले सरकारले उदार नीति अवलम्बन गर्दै सबैलाई काम गर्न सक्ने वातावरण तयार गर्ने दिशामा अघि बढिरहेको प्रसंग उल्लेख गर्दै आगामी बजेट व्यवसायी तथा आम नागरिकलाई हौसला मिल्ने खालको हुने उल्लेख गरे । साथै, निजी क्षेत्रबाट आएका रचनात्मक सुझावहरूलाई बजेट निर्माणमा समेटिने पनि उनले प्रतिबद्धता जनाए ।

# नेपालगन्ज विमानस्थलमा निःशुल्क ट्रलीबस सेवा

■ प्रभाव संवाददाता

**जानकी (बाँके)** – नेपालगन्ज विमानस्थलमा मंगलबारदेखि यात्रुहरूका लागि निःशुल्क ट्रलीबस सेवा सञ्चालनमा ल्याइएको छ । नागरिक उड्डयन प्राधिकरणद्वारा उक्त सेवा सञ्चालनमा ल्याइएको हो ।

विमानस्थलदेखि राँझा चोकसम्म करिब दुई किलोमिटर दूरीमा यात्रुलाई आवतजावत सहज बनाउने उद्देश्यले ट्रलीबस सेवा सञ्चालन गरिएको नेपालगन्ज विमानस्थल कार्यालयले जनाएको छ ।

विशेषगरी वृद्धवृद्धा, बालबालिका, अपांगता भएका व्यक्ति तथा धेरै सामान बोकेर यात्रा गर्ने यात्रुलाई लक्षित गर्दै यो सेवा सुरु गरिएको हो ।

उक्त सेवा लिएकी यात्री सरिता शर्माले निःशुल्क ट्रलीबस सेवाले विशेष राहत मिलेको बताइन् । 'म काठमाडौंबाट नेपालगन्ज आएकी हुँ । यहाँ झर्दा अटोले लिने चर्को शुल्क र अटोवालासँग 'बार्गेनिङ' गर्दा खेप्नुपर्ने गर्मी यी दुवैबाट छुटकारा पाएको अनुभूति भएको छ', उनले बताइन् ।

नेपालगन्ज विमानस्थल प्रमुख सन्तोषकुमार पोखरेलले यात्रुहरूको सुविधालाई प्राथमिकतामा राखेर सेवा विस्तार गरिएको बताए । उनले भने, 'करिब २५ सिट क्षमता रहेको यो बस पूर्ण रूपमा अपांगमैत्री छ । शारीरिक रूपमा असहजता भएका यात्रुहरूलाई समेत सहज पहुँच होस् भन्ने सोचका साथ यसको सञ्चालन गरिएको हो ।' नागरिक उड्डयन प्राधिकरणका अनुसार विमानस्थलको सेवा प्रवाहलाई थप व्यवस्थित, आधुनिक र यात्रुमैत्री बनाउन विभिन्न सुधार भइरहेका छन् ।

# नेप्से परिसूचक २६ अंकले घट्यो

**काठमाडौं (प्रस)**– नेपाल स्टक एक्सचेञ्ज नेप्से परिसूचक २६ दशमलव १६ अंकले घटेर दुई हजार ७७० दशमलव २६ बिन्दुमा कायम भएको छ ।

मंगलबार ३४९ कम्पनीको एक करोड ४० लाख १३ हजार १६७ कित्ता शेयर एक लाख ५१ हजार २८६ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ५२ करोड ८० लाख ७७ हजार ९७६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा अन्य समूह शून्य दशमलव ७३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव ८४, विकास बैंक एक दशमलव २२, वित्त शून्य दशमलव ६१, होटल तथा पर्यटन दुई दशमलव ५६, जलविद्युत् एक दशमलव ७४, लगानी शून्य दशमलव ४७ र जीवन बीमा समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ ।

# 'एमआरपी' कार्यान्वयन गर्न खोज्दा वीरगञ्ज भन्सारको जाँचपास रोकियो

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** वीरगञ्ज भन्सार कार्यालयमा भन्सारजाँच पास रोकिएको छ । भन्सार विन्दुमा आउने सामान तथा स्वदेशमा उत्पादन हुने सामानमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा आजदेखि आयातकर्ता तथा स्वदेशी उत्पादनकर्ताले जाँचपास रोकेका हुन् । संघीय सरकारले २०८२ चैत २६ गते सूचना प्रकाशन गरेर भन्सार विन्दुमा आउने सामान तथा स्वदेशी उत्पादनमा हुने सामानमा अनिवार्य रूपमा एमआरपी लागू गर्ने निर्णय गरेको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले व्यापारी तथा व्यवसायीले सरकारले तोकेअनुसार एमआरपी नल्याएपछि आज भन्सार जाँचपासको काम आंशिक रूपमा अवरुद्ध भएको जानकारी दिए ।

'सरकारको नीतिअनुसार भन्सार विन्दुमा आउने समान तथा स्वदेशी उत्पादन हुने सामानमा अनिवार्य एमआरपी कार्यान्वयन गर्न खाजेका थियौं, तर आज व्यापारी तथा व्यवसायीले एमआरपी नतोकेर नै वस्तु तथा सामान ल्याउन खोजेकाले आंशिक रूपमा भन्सार जाँचपासको काम रोकिएको छ', उनले भने, 'औद्योगिक कच्चापदार्थ, फलफूल तथा तरकारीको जाँचपासको प्रक्रिया भए पनि अन्यको हकमा भने भएको छैन ।'

वीरगञ्ज भन्सारमा औसतमा दैनिक ५० देखि ६० करोड राजस्व संकलन हुने गर्छ । सूचना अधिकारी विष्टले सरकारको अनिवार्य रूपमा एमआरपी लागू गर्ने नीतिलाई सहयोग गर्न व्यापारी तथा व्यवसायीलाई अनुरोध गरेका छन् ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले एकाएक एमआरपी लागू गर्न सम्भव नभएको र यसले आयात तथा आन्तरिक बजारमा नकारात्मक प्रभाव पार्ने बताए । 'वीरगञ्जलगायत मुलुकका अधिकांश भन्सार कार्यालयबाट आयातित सामानको भन्सार जाँचपास भएको छैन', उनले भने, 'यसले मुलुकको आपूर्ति शृंखलामा नकारात्मक असर पर्ने, राजस्व उठ्न समस्या हुने भएकाले तत्काल समस्याको समाधान गरिनुपर्छ ।'

संघले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (ञ) मा व्यवस्था भएको भनी सरोकार भएकाहरूसँग व्यापक छलफल नै नगरी निर्णय गरेकाले समस्या भएको बताए । अध्यक्ष गौतमले भने, 'सरकारले निश्चित केही सामानमा मात्रै लगाएर सुरुआत गर्नुपर्नेमा एक्कासि सबै सामानमा एमआरपी कार्यान्वयन गर्दा ठूलो जटिलता र झन्झट बेहोर्नुपर्ने देखिन्छ ।'

## तीन अर्बको विद्युतीय सवारीसाधन आयात

**वीरगञ्ज–** चालु आर्थिक वर्षको नौ महिनामा वीरगञ्ज नाका हुँदै दुई अर्ब ९८ करोड रूपैयाँको विद्युतीय सवारीसाधन आयात गरिएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा विद्युतीय सवारीसाधन १०२ प्रतिशत अर्थात् एक अर्ब ५० करोड रूपैयाँ बढीको आयात भएको हो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारीसाधन आयात शतप्रतिशतले वृद्धि भएको बताए । गत आवको नौ महिनामा एक अर्ब ४८ करोड रूपैयाँको विद्युतीय सवारीसाधन आयात भएको थियो ।

चालु आवको नौ महिनामा एक अर्ब ४६ करोड रूपैयाँको ४९३ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ । गत आवको सोही अवधिमा ४८ करोड रूपैयाँको १७२ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको थियो ।

चालु आवमा ९६ करोड रूपैयाँको सात हजार ३९८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ ।

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागकिर बडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपांगता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा उजुरी गरौं ।

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ